**Chief Administrative Office**

■ 'निसान पदयात्रा' आजबाट सुरु

# ऐतिहासिक मार्गका रूपमा विकास गरिने



**भगीरथ भण्डारी/राजधानी**
इलाम, २२ पुस

इतिहास संरक्षण र पर्यटन प्रवर्धनका लागि पहल थालिएको निसान पदमार्गमा बुधबार (आज)बाट पदयात्रा सुरु हुँदै छ। नेपाल एकीकरणको बेला पूर्वको भूभाग विजय गरेर गाडेका निसान सुगौली सन्धिपछि फर्काएर राखेका स्थानहरूलाई जोडेर गतवर्षदेखि थालिएको निसान पदमार्गमा आजदेखि पदयात्रा हुन थालेको हो।

इलाम नगरपालिका, सूर्योदय नगरपालिका र माइजोगमाई गाउँपालिकाले यो पदमार्गलाई विशेष महत्वका साथ लिइएको बताएका छन्।

नेपाल एकीकरणताका तत्कालीन सेनाको श्रीनाथ पल्टनले पूर्वको भूभाग विजय गरेर गाडेका निसान सुगौली सन्धिपछि फर्काएर राखेका स्थानलाई जोडेर निसान पदमार्ग बनाउने थालिएको र त्यसको प्रचारका लागि पदयात्रा गरिएको हो। यसका लागि बुधबार (आज) नेपाल-भारत पूर्वी सिमाना मेचीबजारदेखि पदयात्राको शुभारम्भ हुने छ।

सूर्योदय नगरपालिका, माइजोगमाई गाउँपालिका र इलाम नगरपालिकाले संयुक्तरुपमा आयोजना गरेको पदयात्रा इलामस्थित नेपाली सेनाको रणशार्दुल गणले संयोजन गरेको गणपति प्रसाद घलेले जानकारी दिए।

उनका अनुसार, पहिलो दिन मेचीबजारबाट करफोकको पूर्णेडाँडा हुँदै निसान ल्याइएको बाटो नामसालिङ, माइबेनी हुँदै निसान राखिएको इलाम नगरपालिका-७ को माइस्थानमा आउने छ। पहिलो दिन सूर्योदय नगरपालिकाको पुर्णेडाँडामा आएर बास बस्ने र दोस्रो दिन नामसालिङ आएर बस्ने र तेस्रो दिन इलाम सदरमुकाम आइपुग्ने र २६ गते समापन कार्यक्रम रहेको इलाम नगरपालिका-७ का वडाध्यक्ष नरेश श्रेष्ठले जानकारी दिए।

श्रीनाथ पल्टनले भारतको नागरीगढीबाट फर्काएको निसानलाई करफोकको पूर्णेडाँडामा ल्याएर राखेको इतिहास छ। सुरक्षाका कारण त्यहाँबाट पनि नामसालिङको हात्तीटारमा निसान सारिएको थियो। पछि इलामको माइस्थानमा ल्याएर स्थापना गरिएको निसान सशस्त्र द्वन्द्वको समयमा काठमाडौं लगियो। पछि पुनः माइस्थान मन्दिरमै स्थापना गरिएको छ। पदमार्ग निर्माण भएपछि इलाम भित्रिने पर्यटकका लागि यो पदमार्ग एउटा गन्तव्य हुने माइजोगमाई गाउँपालिकाकी उपाध्यक्ष प्रविना राईको भनाइ छ।

नेपाल एकीकरण गर्दै जाँदा पूर्वमा टिस्टा नदीसम्म पुगेको नेपालको सीमा सुगौली सन्धिपछि अहिलेको विन्दु (मेची नदी) कायम भयो। नेपाल एकीकरण गर्दै जाँदा नेपाली सेनाका तत्कालीन श्रीनाथ सिंह पल्टनले पुरानो सीमाविन्दु नागरीगढीमा गाडेको निसान सुगौली सन्धिपछि १८७५ सालमा इलाम ल्याइएको थियो। सुगौली सन्धिसँग जोडिएको नेपालको इतिहासलाई पर्यटन प्रवर्धनमा जोड्न 'निसान पदमार्ग' निर्माण थालिएको छ।

ऐतिहासिक निसान ल्याएको र इलाम सदरमुकाम स्थापना भएको दुई सय वर्ष पुगेको अवसरमा २०७५ सालमा इलाम नगरपालिकाले महोत्सवसमेत आयोजना गरेको थियो। निसान पदमार्गले इलाममा मुख्य बसोबास रहेको आदिवासी लोपोन्मुख लेप्चा र लिम्बू जातिको पुरानो थाकथलोको इतिहास झल्काउने, नेपालको पुरातात्विक सम्पदाबारे नयाँ पिँढीलाई जानकारी दिने इतिहासकार युद्धप्रसाद वैद्य बताउँछन्। अंग्रेज-नेपाल युद्धपछि २० फागुन १८७२ मा भएको सुगौली सन्धिपश्चात् नेपाली सेनाले इलाम सदरमुकामसम्म निसान ल्याउन प्रयोग गरेको मार्ग पहिचान गरी पदमार्गको रूपमा प्रवर्धन र विकास गर्न थालिएको हो।

भारतको मिरिकस्थित नागरीगढीदेखि करफोकको पूर्णेडाँडा, नामसालिङ हुँदै इलाम नगरपालिका-७ स्थित माइस्थान मन्दिरमा निसान ल्याउन प्रयोग भएको नेपाली भूभागको मार्ग पहिचान गरी 'निसान पदमार्ग' का रूपमा विकास गर्न लागिएको छ। 'पदमार्गले हुने सूर्योदय र इलाम नगरपालिका एवं माइजोगमाई गाउँपालिकाको समेत पहलमा जनप्रतिनिधि र स्थानीय बासिन्दासँगको समन्वयमा निसान ल्याउँदा प्रयोग भएको मार्गलाई 'निसान पदमार्ग' रूपमा विकास गर्न आ-आफ्नो क्षेत्रभित्र पर्ने इलाकाको पहिचान गरी विकास गर्ने सहमति भएको छ।

इलामको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको खोज, पहिचान, संरक्षण तथा प्रवर्धनमा सहयोग पुऱ्याउने उद्देश्यले निसान पदमार्गलाई विकास गर्न खोजिएको हो। इतिहासको संरक्षणमा ठोस योगदान पुग्नुका साथै इलामवासीको धार्मिक र सांस्कृतिक आस्थाको केन्द्रको रूपमा रहेको माइस्थान मन्दिर क्षेत्रको महत्वका साथै समग्रमा इलामको पर्यटन प्रवर्धनमा सहयोग पुऱ्याउनेछ।

तत्कालीन अंग्रेज-नेपाल युद्धपछि १८७२ साल फागुन २० मा भएको सुगौली सन्धिले पूर्वमा मेची नदीलाई नेपाल-भारत सीमा कायम गरेको थियो। त्यसपछि मिरिकस्थित नागरीगढीमा रहेको श्रीनाथ सिंह पल्टन अहिलेको इलाम सूर्योदय नगरपालिकाको करफोकस्थित पूर्णेडाँडामा आएर बसेको इतिहास छ।

मेचीदेखि नागरीगढी हुँदै टिस्टासम्मको भूभाग ४० दिनभित्र गढी खाली गर्न सम्झौता भएको थियो। सम्झौता कार्यान्वयन गर्दै सुब्बा जयन्त खत्रीले नागरीगढी खाली गरी सदरमुकाम करफोक ल्याइएको इतिहास छ।

■ बादल एमालेको चुनावी कमाण्डर

# महाधिवेशनमा पराजित रिमाललाई तीन जिम्मेवारी, उपाध्यक्ष र उपमहासचिव कामविहीन



**सुभाष साह/राजधानी**
काठमाडौं, २२ पुस

नेपाल कम्युनिस्ट पार्टी (एमाले) २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ। सरकारले निर्वाचनको वातावरण नबनाएको आरोप लगाउँदै निर्वाचनमा सहभागी नहुने भन्दै आएका एमाले अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा घोषणापत्र मस्यौदा समिति गठन भएको छ।

ललितपुर च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा मंगलबार बसेको सचिवालय बैठकले ओलीको संयोजकत्वमा ७ सदस्यीय घोषणापत्र मस्यौदा समिति गठन गरेको हो। चुनावी घोषणापत्रसहित एमालेले निर्वाचन परिचालन समिति, प्रदेश इन्चार्ज, राष्ट्रियसभा सदस्य निर्वाचनलगायतबारे महत्त्वपूर्ण निर्णय गरेको छ।

ओली नेतृत्वमा गठन भएको घोषणापत्र मस्यौदा समिति सदस्यहरूमा उपाध्यक्ष रामबहादुर थापा 'बादल', उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, स्थायी कमिटी सदस्य ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णुप्रसाद रिमाल रहेका छन्। यो समितिले आगामी निर्वाचनकेन्द्रित पार्टीको घोषणापत्र तयार पार्ने जिम्मेवारी पाएको छ।

एमाले उपमहासचिव लेखराज भट्टका अनुसार आगामी निर्वाचनबारे छलफल गर्दै बैठकले उपाध्यक्ष बादल नेतृत्वमा निर्वाचन परिचालन कमिटी पनि गठन गरेको छ। बादलको नेतृत्वमा आगामी निर्वाचनको समग्र परिचालन जिम्मेवारी दिएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन परिचालनको चुनावी कमाण्डरको भूमिका अब बादलले गर्ने छन्। निर्वाचन परिचालन कमिटीको सचिवमा विष्णुप्रसाद रिमाललाई तोकिएको छ। कमिटीका सदस्यमा छविलाल विश्वकर्मा, राजन भट्टराई, हिम्मत कार्की, रमेश बडाल, मीनबहादुर शाही र भीष्म अधिकारी रहेका छन्। यो कमिटीमा प्रत्यक्षतर्फ उम्मेदवारी दिन नचाहने नेतालाई राखिएको छ।

हालै एमाले ११औं महाधिवेशन सम्पन्न भएको थियो। महाधिवेशनमा ओली समूहबाट रिमाल उपमहासचिव र केन्द्रीय सदस्य पदमा समेत पराजित भएका थिए। महाधिवेशन प्रतिनिधिले मन नपराएका तर अध्यक्ष ओलीले निकट मानिने तिनै रिमालले पार्टीभित्र तीन महत्त्वपूर्ण जिम्मेवारी पाएका छन्।

बैठकले रिमाललाई पार्टीको नीति तथा अनुसन्धान प्रतिष्ठान अध्यक्षसहित तीन महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ। महाधिवेशनमा अध्यक्ष ओलीसँग पराजित भएका ईश्वर पोखरेल नीति तथा अनुसन्धान प्रतिष्ठान अध्यक्ष थिए। अब नीति तथा अनुसन्धान अध्यक्षको जिम्मेवारी सम्हाल्दै पराजित रिमालले पार्टीको नीति निर्माणसँगै अनुसन्धान कार्य गर्ने छन्।

नीति तथा अनुसन्धानको अध्यक्षका साथै रिमाललाई एमाले उपाध्यक्ष बादलको संयोजकत्वमा गठन गरिएको निर्वाचन परिचालन कमिटी सचिवको समेत जिनम्मेवारी दिइएको छ। यसैगरी, पार्टी अध्यक्ष ओलीकै संयोजकत्वमा गठन भएको घोषणापत्र मस्यौदा समितिमा समेत रिमाललाई सदस्य राखिएको छ। अर्थात्, कार्यकर्ताले मन नपराएका नेताले अब पार्टीको घोषणापत्र पनि लेख्ने काम गर्नेछन्। पार्टी नेतृत्वका विभिन्न महत्त्वपूर्ण संरचनामा जिम्मेवारी पाउँदै आएका रिमाललाई एमालेको नीति निर्माण, निर्वाचन रणनीति तथा घोषणापत्र मस्यौदा समितिमा समेत राखिएपछि एमालेभित्रै त्यसको चर्को आलोचना भइरहेको छ।

### विष्ट र भट्टराईले पाएनन् जिम्मेवारी

निर्वाचन केन्द्रित विभिन्न कमिटी गठन गरेको एमालेले दुई पदाधिकारीलाई कतै पनि जिम्मेवारी दिएको छैन्। हालैसम्पन्न महाधिवेशनमा ईश्वर पोखरेल समूहबाट उपाध्यक्षमा निर्वाचित गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराईले कुनै जिम्मेवारी पाएका छैनन्। तर, महाधिवेशनमा कार्यकर्ताले नरुचाएका नेता रिमाल भने तीन महत्त्वपूर्ण जिम्मेवारी पाएका छन्।

### मादुरो पक्राउप्रति आपत्ति

यसैगरी, बैठकले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई पक्राउ गरी अमेरिका लगिएको घटनाप्रति कडा आपत्ति जनाएको छ। अमेरिकी सरकारको यो कदमलाई अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको वडापत्रविपरीत रहेको ठहर गर्दै बैठकले विरोध गरेको छ।

## तोकिए प्रदेश कमाण्डर

प्रतिनिधिसभा निर्वाचनमा प्रदेशगत संयोजन एवं कमाण्ड गर्नका लागि बैठकले प्रदेशको कमाण्डर समेत तोकेको छ। एमाले सचिव भानुभक्त ढकालका अनुसार सातै प्रदेशमा निर्वाचनको संयोजन एवं आइपर्ने समस्या समाधानसहित प्रदेश कमाण्ड गर्नेगरी जिम्मेवारी तोकिएको छ।

कोशी प्रदेशमा शेरधन राई, मधेश प्रदेशमा लीलानाथ श्रेष्ठ, बागमती प्रदेशमा महेश बस्नेत र राजधानी प्रदेशमा राजन भट्टराईलाई संयोजक तोक्ने निर्णय भएको ढकालले जनाएका छन्।

यसैगरी गण्डकी प्रदेशमा खगराज अधिकारी, कर्णाली प्रदेशमा यामलाल कँडेल, सुदूरपश्चिम प्रदेशमा गणेश ठगुन्नालाई संयोजक तोकिएको छ। यस्तै भानुभक्त ढकाललाई संगठन विभागको प्रमुख र विष्णु रिमाललाई नीति अनुसन्धान प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी तोकिएको छ।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोनः ०१-४५२१८६१/६२/६३**

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/२३ गतेको राजधानी राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः सुर्य बहादुर मगर**<br>बाबुको नाम : लोक बहादुर मगर<br>बाजेको नाम : पृथ्वी बहादुर मगर<br>ठेगाना : कल्लेरी-०६, धादिङ्ग<br>हाल : गल्छी-०२, धादिङ्ग<br>ना.प्र.नं. : २६३०३१/५८१, जारी मिति : २०६३/१०/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग<br>**कर्जा लिएको शाखा : मलेखु, धादिङ्ग**<br><br>**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय धादिङमा सुर्य बहादुर मगरको नाममा दर्ता कायम रहेको धादिङ जिल्ला कल्लेरी-०६, स्थित कि.नं. : १०२, १०७ र ३०५ को क्षेत्रफल क्रमशः २२०.५६, ३०५.९९ र ४२९.१७ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | **क) नाम : प्रमिला राना मगर**<br>बाबुको नाम : मान बहादुर राना मगर<br>पतिको नामः सुर्य बहादुर मगर<br>ससुराको नामः लोक बहादुर मगर<br>ठेगाना : कल्लेरी-०६, धादिङ, हालः गल्छी-०२, धादिङ<br>ना.प्र.नं. : २६-०१-७३-०२४५४<br>जारी मितिः २०७३/०२/२४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ<br><br>**ख) नाम : टेक बहादुर गंरञ्जा मगर**<br>बाबुको नाम : लोक बहादुर मगर<br>बाजेको नामः पृथ्वी बहादुर मगर<br>ठेगाना : कल्लेरी-०६, धादिङ्ग, हाल : गल्छी-०२, धादिङ्ग<br>ना.प्र.नं. : २६२१५५०, जारी मिति : २०५४/०७/२३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ |

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२) ऋणीः खिरेन्द्र घिमिरे**<br>बाबुको नाम : झपट प्रसाद घिमिरे<br>बाजेको नाम : नन्दराज घिमिरे<br>ठेगाना : धनकुटा ४, धनकुटा<br>ना.प्र.नं. : ३४४९, जारी मिति : २०५६/११/०४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा<br>**कर्जा लिएको शाखा : धनकुटा** | **क) नाम : प्रतिभा घिमिरे**<br>बाबुको नाम : पदम प्र. आचार्य<br>पतिको नाम : खिरेन्द्र घिमिरे<br>ससुराको नाम : झपट प्रसाद घिमिरे<br>ठेगाना : धनकुटा ४, धनकुटा<br>ना.प्र.नं. : ०७३०२१/४७३, जारी मिति : २०६३/११/१०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा |
| **सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय धनकुटामा खिरेन्द्र घिमिरेको नाममा दर्ता कायम रहेको धनकुटा जिल्ला धनकुटा-०७ स्थित कि.नं. २०६० को क्षेत्रफल १०३३.३८ व.मि.रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **३) ऋणीः ललित कुमार पौड्याल**<br>बाबुको नाम : विष्णु कु. पौडेल खत्री<br>बाजेको नाम : रुपनारायण पौड्याल<br>ठेगानाः गरामनी-०२, झापा, हालः विर्तामोड-०५ झापा<br>ना.प्र.नं.: ३५७४१११२, जारी मितिः २०४६/०३/३०<br>जारी कार्यालय : जि.प्र.का., झापा<br>**कर्जा लिएको शाखाः विर्तामोड, झापा** | **क) नाम : रीता कुमारी श्रेष्ठ**<br>बाबुको नाम : शिध्दिलाल श्रेष्ठ<br>पतिको नाम : ललित कुमार पौड्याल<br>ससुराको नाम : विष्णु कु. पौडेल खत्री<br>ठेगानाः कविलास-०४, नुवाकोट, हालः विर्तामोड-०५, झापा<br>न्ना.प्र.नं.: ९७७८, जारी मिति :२०४३/०३/२७<br>जारी कार्यालय जि.प्र.का., नुवाकोट |
| **सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय भद्रपुर, झापामा ललित कुमार पौडैलको नाममा दर्ता कायम रहेको झापा जिल्ला बनियानी-०६, स्थित कि.नं. १०४ को क्षेत्रफल ६८०० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | |



**Sayal Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dudeligada, Doti**

## Invitation for Bids

**Date of Publication: 2082/09/23**

1. *Sayal Rural Municipality* invites electronic bids from Nepalese eligible bidders for the *Construction of Magarau Khalla Dallekh Raukalla Water Supply Project* under National Competitive Bidding procedures.

| S. N. | Contract Id No. | Description of work | Estimated Amount without VAT, PS & Contingency (NRs) | Bid Security (NRs.) | Bid Document Price (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/CW/2082-083/WS/02 | *Construction of Magarau Khalla Dallekh Raukalla Water Supply Project* | *1,65,27,390.32/-* | 4,70,000/- | 3,000/- | 2082/10/22 12:00 PM | 2082/10/22 **1:00 PM** | only E-Bid |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Sayal Rural Municipality, Dudeligada, Doti, Contact Number: 9858444333* or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Agriculture**
**Center for Agricultural Infrastructure Development and Mechanization Promotion**
**Agriculture Mechanization Promotion Center**
**Naktajhij, Dhanusha**

## Invitation for Bids

**Date of publication: 2082/09/23 (7 January, 2026)**

1. Agriculture Mechanization Promotion Center, Naktajhij, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the Construction of Deep Tubewell and Pump Test Work in different districts under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Agriculture Mechanization Promotion Center, Naktajhij, Dhanusha, Phone No : 9854030337, Email : ampcnaktajhij@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp/,. Bidders should deposit the cost of bidding document in the Rajaswa (revenue) account as specified below.

Name of the Bank: ***Rastriya Banijya Bank, Janakpurdham***
Name of Office: ***Agricultural Mechanization Promotion Center, Naktajhij, Dhanusha***
Office Account no.:***1220100102030000*** Office Code no. :***312011701***
Rajaswa (revenue) Shirshak no. : ***14229 (Extra Administrative Fee)***

4. Description of Contract works:

| Contract ID /IFB No. | Description of Works | Bid Security Amount by (NRs.) | Estimate Amount with VAT (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| AMPC/2082-83/NCB-1 | ***Construction of Deep Tubewell and Pump Test Work in Rupandehi & Nawalparasi (Ba.Su.Pu) Districts (3 No.)*** | 2,50,000.00 | 92,31,229.61 | 3,000.00 |
| AMPC/2082-83/NCB-2 | ***Construction of Deep Tubewell and Pump Test Work in Mahottari, Sarlahi & Parsa Districts (4 No.)*** | 4,25,000.00 | 1,50,07,197.37 | 3,000.00 |

# कहिले खुल्छ नेपाली उत्पादन प्रयोग गर्ने चेत ?




डा. श्यामकुमार कार्की

shyamkarki83@gmail.com


- नेपाल सरकारले २०५७ सालमा गरेको जीवनस्तर सर्भेअनुसार विप्रेषणको लगभग ८० प्रतिशत रकम दैनिक खर्चमा उपभोग गर्ने र भविष्यमा आम्दानी गर्न सकिने व्यापार व्यवसायमा भने २ प्रतिशतमात्र प्रयोग गरिएको देखिएको थियो । यस लेखमा विश्व बैंकले नेपालमा सन् २०१६ देखि २०१८ सम्म गरेको सर्भेको तथ्यांक प्रयोग गरेको अध्ययनअनुसार त्यो प्रतिशत अझै पनि बदलिएको छैन भने २०८० सालमा जाजरकोटमा गरेको अनुसन्धानमा स्थानीय बजारमा भारतीय तरकारी तथा फलफुल आयातबाट 'स्थानीय कृषक कसरी प्रभावित भएका छन् ?' भन्ने उजागर गरिएको छ ।

- नेपालबाट जापान आएर कृषि उत्पादनमा संलग्न भएका नेपाली कृषकसँग कुराकानी गर्दा जापानमा व्यवसायिक रूपमा कृषि गर्नका लागि जापान सरकारको मान्यता प्राप्त संस्थाबाट तालिम लिएरमात्र गर्न पाइन्छ । जुन कामका लागि कम्तिमा दुई वर्ष समय लाग्छ । हाल नेपालमा सरकारद्वारा प्रदान गरेको अनुदान व्यापक दुरुपयोग भएका समाचार प्रशस्त आएका छन् ।



सन् १९८० को दशकपछि विश्वव्यापीकरण तीव्र रूपमा अघि बढ्यो । यससँगै मानव, वस्तु र पुँजी अन्तर्राष्टिय आवतजावतले गति लियो । संसारका विभिन्न देशले उत्पादित वस्तु र सेवा विश्वबजारमा निर्यात गरी आफ्नो आर्थिक अवस्था सुधार प्रयास गरे । नेपालजस्ता अविकसित तथा विकासोन्मुख देशले भने आफूसँग भएका श्रमशक्ति विदेशमा पठाइ विप्रेषण भित्र्याउनेमा जोड दिए । डेभिड बेरेनद्वारा लिखित २४ अक्टोबर २०२४ मा प्रकाशित लेखमा 'विश्वव्यापीकरणबाट सबैभन्दा बढी फाइदा लिने देश चीन र भारत क्रमशः पहिलो र दोस्रो स्थानमा रहेका' उल्लेख छ । यसरी विश्वव्यापीकरणबाट फाइदा लिइरहेका देशका बिचभागमा रहेर पनि नेपालले खासै उपलब्धि लिन सकिरहेको छैन । हरेक वर्ष विदेशबाट निकै ठुलो रकम विप्रेषण नेपाल भित्रिएको देखिन्छ, तर यसले नेपालको दिर्घकालीन विकासमा भने खासै योगदान पुऱ्याउन सकिरहेको छैन । यसको प्रमुख कारण देशभित्रै उत्पादन गर्न सकिने वस्तु तथा सामग्रीसमेत विदेशबाट आयात हुनु हो ।

### विश्वव्यापीकरणबाट नेपालले किन लाभ लिन सकेन ?

सन् २००१ सालमा अर्थशास्त्र विधाका नोबेल पुरस्कार विजेता जोसेफ स्टिंग्लीजद्वारा लिखित 'ग्लोबलाइजेसन एन्ड इट्स डिस्कन्टेन्ट' पुस्तकमा 'विश्वव्यापीकरणले विषेशगरी धनी राष्ट्रले मात्र फाइदा लिनसक्ने र गरीब राष्ट्रले खासै फाइदा लिन नसक्ने' उल्लेख छ । यसकारण विश्वव्यापीकरणबारे असन्तुष्टि बढिरहेको जोसेफ स्टिंग्लीजको दृष्टिकोण छ । उनले विश्वव्यापीकरणलाई 'अ गेम वीद रीग्ड रुल्स' अर्थात् 'आफ्नो जितका लागि नियमबद्ध गरिएको खेल' भनेरसमेत उल्लेख गरेका छन् । जसको अर्थ विश्वव्यापीकरणमा विकसित या धनी देशले आफ्नो अनुकुलतामा व्यापारीक नियम तय गर्ने र आफैंले अधिकत्तम फाइदा लिनसक्ने नियम निर्माण गर्ने गर्दछन् । यसैगरी, उनले विश्वव्यापीकरणलाई 'हाइवे'का रूपमा प्रस्तुत गरेका छन् । सडक जति नै ठुलो भए पनि त्यस सडकका गुडाउने ट्रक पनि ठुलो छैन भने ठेलागाढामात्रै प्रयोग गर्ने देशले कुनै पनि हालतमा फाइदा लिन नसक्ने उनको दृष्टिकोण छ । अर्को भाषामा 'विश्वव्यापीकरणबाट फाइदा लिनका लागि मानव संसाधन पर्याप्त विकास, लगानी, प्रविधि विकास र उत्पादकत्त्वमा वृद्धिजस्ता कुरा हुनु जरुरी देखिन्छन् ।

नेपाल पनि अर्थशास्त्री जोसेफले भनेजस्तै अविकसित र गरीब राष्ट्रमध्यको एक भएको र आफूसँग 'हाइवे'रूपी विश्वव्यापीकरणका लागि आवश्यक पुर्वाधार कमी भएका कारण यसबाट फाइदा लिन नसकेको बुझ्न सकिन्छ । नेपालले विश्वव्यापीकरण सुरुवाती समयदेखि नै व्यापार घाटा व्यहोर्दै आएको छ । नेपालको व्यापार घाटा हेर्ने हो भने २०८१ सालमा १४ खर्ब ४० अर्ब ६० करोड ४७ लाख रुपैयाँबराबरको घाटा भयो । त्यसैगरी, २०८२ सालको तेस्रो चौमासीकसम्मको तथ्यांकअनुसार ७ खर्ब २३ अर्ब ५८ करोड १३ लाख रुपैयाँबराबरको व्यापार घाटा छ । यो तथ्यांक आधार मानेर हेर्ने हो भने नेपालबाट अन्य देशमा गरिने निर्यातभन्दा अन्य देशबाट गरिने आयात अत्यधिक बढी देखिन्छ । जसको प्रमुख कारण नेपालमा कलकारखाना बन्द हुँदै जानु, वैदेशिक लगानी भित्र्याउन नसक्नु र कृषिजन्य उत्पादनमा कमी हुँदै जानुजस्ता कारण प्रमुख छन् ।

### विदेशबाट भित्रिने विप्रेषण कहाँ गयो ?

मानव संसाधन आवागमन अवस्था अध्ययन गर्दा विषेषगरी नेपालबाट 'कति श्रमिक विदेसिएका छन् ?' भन्ने हेर्नुपर्ने हुन्छ । नेपालबाट विदेसिनेक्रम पनि विश्वव्यापीकरण सुरुवात अर्थात् सन् १९९० को दशकपछि नै भएको देखिन्छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार सन् १९९३ मा नेपालबाट श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ३ हजार ६०५ थियो भने सन् २०२४ मा यो संख्या बढेर ५ लाख ५ हजारजना भन्दा बढी छ । सन् २०१३ मा नेपाल सरकारबाट श्रम लिएर विदेसिने नेपालीको संख्या उच्चविन्दुमा पगेको थियो भने त्यसपछि सन् २०२० सम्म घट्दोक्रममा देखियो । विषेषगरी सन् २०१५ मा गएको भूकम्पका कारण विदेसिने नेपाली संख्यामा कमी आएको आकलन गर्न सकिन्छ भने सन् २०१९ र २०२० मा भने कोरोना महामारीका कारण विदेश जानेको संख्यामा उल्लेख्य गिरावट आएको थियो । जब कोरोनाको असर कम हुँदै गयो र प्रायः देशले श्रमिक लिन सुरु गरे, तब नेपालबाट पनि विदेश जाने संख्यामा उल्लेख्य वृद्धि भएर सन् २०२४ मा भने सन् २०१३ कै हाराहारीमा पुग्यो । विश्व बैंकको सन् २०२५ को तथ्यांकअनुसार विदेशबाट भित्रिने व्यक्तिगत विप्रेषण नेपालको सन् २०२४ को कुल ग्राहस्त उत्पादनको करीब ३३ प्रतिशत पुगेको छ । जुन दक्षिण एसियाका देशमध्यकै र नेपालका लागि अहिलेसम्मको उच्च दर हो ।

नेपाल सरकारले २०५७ सालमा गरेको जीवनस्तर सर्भेअनुसार विप्रेषणको लगभग ८० प्रतिशत रकम दैनिक खर्चमा उपभोग गर्ने र भविष्यमा आम्दानी गर्न सकिने व्यापार व्यवसायमा भने २ प्रतिशतमात्र प्रयोग गरिएको देखिएको थियो । यस लेखमा विश्व बैंकले नेपालमा सन् २०१६ देखि २०१८ सम्म गरेको सर्भेको तथ्यांक प्रयोग गरेको अध्ययनअनुसार त्यो प्रतिशत अझै पनि बदलिएको छैन भने २०८० सालमा जाजरकोटमा गरेको अनुसन्धानमा स्थानीय बजारमा भारतीय तरकारी तथा फलफुल आयातबाट 'स्थानीय कृषक कसरी प्रभावित भएका छन् ?' भन्ने उजागर गरिएको छ । सो अनुसन्धानक्रममा स्थानीय कृषकसँग गरेको कुराकानीअनुसार जुन वर्ष कृषकले धेरै तरकारी-फलफुल उत्पादन गर्दछन्, त्यो वर्ष भारतीय व्यापारीले नियतबस नेपालको उत्पादन वस्तुको मूल्यभन्दा निकै सस्तोमा उपलब्ध गराउँछन् । जसका कारण स्थानीय उत्पादनले उचित मूल्य पाउँदैन र अर्को वर्ष स्थानीय उत्पादनमा रुचि घट्छ । त्यो वर्ष भने भारतीय व्यापारीले आफ्नो सामान निकै महँगो मूल्यमा बिक्री गर्ने गर्दछन् । यसरी भारतीय व्यापारीले सुनियोजित ढंगले नेपालका कृषकको भविष्यमाथि खेलवाड गरिरहेको त्यहाँका कृषक तथा स्थानीय व्यापारीले बताएका थिए ।

यसकारण नेपाल सरकारले पनि स्थानीय कृषको हितका लागि स्थानीय उत्पादनलाई नै प्राथमिकता दिनुपर्ने देखिन्छ । त्यसैगरी, नेपाल वायुसेवा निगमले उडानका समय प्रदान गर्ने खाना र खाजामा प्रयोग गरिएका सामानमा टिस्युपेपर भारतीय उत्पादक कम्पनीका र पाउरोटीमा प्रयोग हुने बटर भारतीय उत्पादक कम्पनीकै हुने गरेका छन् । खाजामा प्रयोग भएको पाउरोटी र केकमा भने उत्पादकको नाम र उत्पादन मितिसमेत उल्लेख गरिँदैन । जुन उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने कुरा हो । उत्पादकको नाम उल्लेख नगरिएका सामान पनि भारतीय उत्पादन हुन सक्छन । नेपालमा यसप्रकारका सामान उत्पादन गर्ने कम्पनी छैनन र नेपालको एकमात्र राष्टिय ध्वजाबाहक वायु सेवा निगमले भारतबाट आयातीत खाद्यपदार्थ प्रदान गरेको हो कि ? भनेर मैले नेपालका केचप, टिस्यु, बटर बनाउने कम्पनी खोजी गरेको थिएँ । जसमा काठमाडौं अर्गानिक्स र नेपाल सरकारको पूर्ण स्वामित्त्व रहेको दुग्ध विकास संस्थान डिडिसीजस्ता कम्पनीले गुणस्तरयुक्त सामान उत्पादन गरिरहेको पाएको थिएँ ।

त्यसैगरी, पेय पदार्थमा प्रयोग गरिएको 'बियर' नेदरल्यान्डको 'हेइनेकेन ३३० एमएलको क्यान बियर' थियो । यसमा पनि नेपाली पेय पदार्थलाई प्रवर्धन गर्न सकिन्थ्यो, जसले गर्दा नेपालीलगायत विदेशी नागरिकले नेपालमा पुगेपछि सोही पेय पदार्थ प्रयोग गरुन् भनेर विज्ञापन पनि हुन सक्थ्यो । जसले गर्दा नेपालमा उत्पादित सामान बिक्री प्रवर्धनमा टेवा पुऱ्याउन सकिन्थ्यो ।

### जेनजी आन्दोलनले कस्तो असर पार्ला ?

कुनै पनि देशको व्यापार घाटा न्यूनिकरणका लागि स्थानीय उत्पादन बढाउनुपर्ने हुन्छ । जसका लागि मानव संसाधन विकास, पुँजी लगानी बढाएर उत्पादन बढाउन सकिन्छ । यसका लागि नेपालजस्तो देशका लागि आन्तरिक लगानिले मात्र पर्याप्त हुन्न र त्यसका लागि वैदेशिक लगानी भित्र्याउनुपर्ने हुन्छ । हालै विकसित देशमा पनि वैदेशिक लगानीले प्रमुख भूमिका खेलेको देखिन्छ । वैदेशिक लगानी भित्र्याउनका लागि लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्ने हुन्छ । लगानीको वातावरणका सूचकांकमध्ये स्थायी सरकार, लगानी सुरक्षा, नाफाको रकम लिएर जानसक्ने अवस्था, व्यवसाय दर्ता र सञ्चालनका लागि सहज वातावरण सुनिश्चितता आदि पर्दछन् । यी कुरा नेपालमा धेरै लामो समयदेखि नै समस्यामा परिरहेको देखिन्छ ।

यसपटक जेनजी आन्दोलनले त्यस वातावरणमा अझ बढी खलल पुऱ्याएको छ । नेपाली नागरिकले गरेको लगानी नै जोखिममा परेको देखिन्छ । भाटभोटेनी सुपरमार्केट, चौधरी ग्रुप, आईएमई ग्रुपको लगानीजस्ता नेपालका कर्पोरेट हाउस नै खतरामा परेका छन् । जसले गर्दा भविष्यमा 'नेपालमा लगानी गर्छु' भनेर योजाना बनाइरहेका उद्यागीलाई पनि सोच्नुपर्ने अवस्था छ भने वैदेशिक लगानीलाई त झन् धेरै ठुलो असर पार्ने देखिन्छ ।

### समाधानका उपाय

नेपालले व्यवस्था परिवर्तनका लागि धेरै क्रान्ति गरिसकेको छ । अब जनताको अवस्था परिवर्तनका लागि आर्थिक क्रान्ति जरुरी छ । आर्थिक क्रान्तिका लागि नेपालमा विकास सम्भावना बोकेका क्षेत्रमा लगानी बढाएर व्यवस्थित रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ । नेपालमा अत्यधिक सम्भावना बोकेका उद्योगमध्ये कृषि महत्त्वपूर्ण क्षेत्र हो । विश्व बैंकको तथ्यांकअनुसार सन् २०२४ मा नेपालको लगभग ६० प्रतिशत जनसंख्या कृषिमा निर्भर छन् भने नेपालको जिडिपीको २१.८७ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ ।

तथापि राष्ट्र बैंकको गत वर्षको तथ्यांक हेर्ने हो भने भारतबाट आयात गरिएका चामल ३१ अर्ब ७९ करोड ३० लाख रुपैयाँ, चिया ४ करोड ६६ लाख रुपैयाँ, तरकारी ११ अर्ब ३२ करोड ४९ लाख रुपैयाँ, फलफुल ७ अर्ब १४ करोड ७० लाख रुपैयाँ गरी जम्मा लगभग ५० अर्ब ३१ करोड १५ लाख रुपैयाँबराबरका कृषिजन्य उत्पादन बस्तु आयात गरेको देखिन्छ ।

अर्कोतिर भारतले भने कृषि क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ । 'हरित क्रान्ति' अर्थात् कृषि क्रान्ति र 'श्वेत क्रान्ति' अर्थात् दुग्ध विकासमा क्रान्ति गरेको छ । दुधजन्य पदार्थ, चिया, गेंडागुडी, जुट र मसलाजन्य कृषि उत्पादन विश्वमा सबैभन्दा बढी उत्पादन गर्ने देशको सूचीमा भारत पर्छ । त्यसैगरी ऊ चामल, गहुँ, कटन, उखु, र फलफुलजस्ता कृषिजन्य उत्पादनमा संसारको दोस्रो देशका रूपमा चिनिन सफल भएको छ । यो भारतको सरकारी निती तथा व्यक्तिगत तहबट भएका प्रयास हो । सरकारले सिंचाइ, मल, बिउबिजन, कृषिमा प्रयोग हुने विद्युत् निःशुल्क वा अत्यधिक न्यूनत्तमा मूल्यमा उपलब्ध गराउने, आवश्यक लगानी व्यवस्था, सहुलियत ऋण प्रदानजस्ता कुरा लिन सकिन्छ । त्यसैगरी आफ्नो देशको उत्पादनलाई प्राथमिकत दिनका लगि बाह्य देशबाट गरिने कृषिजन्य उत्पादनमा गरिएको निगरानीजस्ता कुराले भारतको कृषि क्षत्रको विकासमा टेवा पुगेको देखिन्छ । त्यसैगरी आमुलजस्ता सहकारी संस्थाले गर्दा दुग्ध उत्पादनमा फड्को मार्न सफल भएको छ ।

आमुल सन् १९४६ मा ब्रिटिस शासक र निजी व्यापारीको शोषणविरुद्ध तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरू र सरदार बल्लभभाइ पटेलको अगुवाइमा किसानको सहकारीका रूपमा स्थापना भइको थियो । आमुल गाउँ, जिल्ला र राज्य गरी तीन तहमा विस्तारीत छ । हरेक गाउँबाट तौल र गुणस्तरअनुरुपको मूल्यमा दुध संकलन गरेर जिल्लास्तरीय केन्द्रमा दुधबाट बन्ने दही, घिउ, पनिर, आइसक्रीम, मिठाइ, चकलेटजस्ता बस्तु उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन राज्यस्तरका केन्द्रले सहयोग गर्दछन् । यसप्रकारका क्रियाकलापले कृषकलाई आम्दानीसँग जोड्न सफल भएका हुन् ।

उता, जापानमा पनि स्थानीय उत्पादनलाई प्रमुख प्राथमिकता दिएको देखिन्छ । सरकार कृषकलाई कृषि अनुदान उपलब्ध गराउँछ र कृषकले उत्पादन गरेको बस्तु बेच्ने स्थानसमेत सुनिश्चित गरिदिएको हुन्छ । जस्तै : सरकारी अनुदान प्राप्त गरी उत्पादन गरेका तरकारी तथा फलफुलजस्ता कृषि उत्पादन स्थानीय विद्यालयले किनिदिने व्यवस्था गरिएको हुन्छ । जसका कारण उत्पादित तरकारी तथा फलफुलको बजार प्रवर्धनबरे कृषकले कुनै झन्झट लिइराख्नुपर्दैन ।

अन्य कृषकका हकमा पनि 'जापान एग्रिकल्चर को अपरेटिभ्स' नामक संस्थाले कृषकलाई औजार, बिउबिजन, मल तथा औषधि, कृषिसम्बन्धी सिप विकासका लागि तालिम प्रदान गर्दै कृषकका उत्पादन उचित दरले खरिद गरिदिनेसम्मका काम गर्दै आएको छ । २०४७ सालमा स्थापना भएको सो संस्थाले जापानको हरेक स्थानीय तहमा आफ्ना शाखा विस्तार गरी सेवा प्रदान गर्दै आएको छ । उसले आफ्नै जेए बैंक, जेए इन्स्योरेन्सजस्ता सुविधासमेत प्रदान गर्दै आएको छ । जसका कारण साना तथा मझौला कृषकलाई लगानी तथा आवश्यक सिप विकास व्यवस्थाका साथै भविष्यमा आइपर्ने हानी-नोक्सानीबाट बच्नका लागि व्यवसाय बिमाजस्ता सुविधा उपलब्ध गरी कृषिमा संलग्न हुनका लागि उत्प्रेरित गरिरहेको छ ।

नेपालबाट जापान आएर कृषि उत्पादनमा संलग्न भएका नेपाली कृषकसँग कुराकानी गर्दा जापानमा व्यवसायिक रूपमा कृषि गर्नका लागि जापान सरकारको मान्यता प्राप्त संस्थाबाट तालिम लिएरमात्र गर्न पाइन्छ । जुन कामका लागि कम्तिमा दुई वर्ष समय लाग्छ । हाल नेपालमा सरकारद्वारा प्रदान गरेको अनुदान व्यापक दुरुपयोग भएका समाचार प्रशस्त आएका छन् । यदि नेपालमा पनि यस्तो संस्था निर्माण गरी काम गराउन सकेको खण्डमा दुरुपयोग न्युनिकरण गर्न सकिने थियो ।

आगामी दिन नेपालले पनि भारत र जापानको जस्तो नीति नियम बनाएर कृषि उत्पादनलाई बढाएर विदेशबाट भित्रिएको विप्रेषण नेपालभित्रै उत्पादनमुलक कृषि क्षेत्रमा लगानी गर्न सकिने देखिन्छ । जसका लागि कृषि मन्त्रालयअन्तर्गत देशव्यापी रूपमा कृषि सहकारीलाई प्रभावकारी बनाएर लैजान जरुरी छ ।

*(लेखक सोसियटस रिसर्च इन्स्टिच्यूट, ओखायामा, जापानका अनुसन्धानकर्ता हुन् । यसमा प्रयोग भएका विचार उनको निजी हो ।)*

## के तपाईंलाई थाहा छ ?

### विश्वमै सबैभन्दा बढी प्रयोग हुने अक्षर

Ee

विश्वभर सबैभन्दा धेरै लेखिने अक्षर अंग्रेजी वर्णमालाको E हो । 'किन E सबैभन्दा बढी प्रयोग हुन्छ त ?' प्रश्न उठ्न सक्छ । अंग्रेजी विश्वमै सबैभन्दा धेरै प्रयोग हुने भाषामध्ये एक हो । अंग्रेजीका अधिकांश शब्दमा E कुनै न कुनै रूपमा आउँछ । लेखन, पुस्तक, समाचार, इन्टरनेट सामग्री, इमेल–सबैतिर E अत्यधिक प्रयोग हुन्छ ।

अंग्रेजी भाषामा करिब १२-१३ प्रतिशत शब्दमा E समावेश हुन्छ । टाइपिङ अभ्यास र गोप्य सन्देश अध्ययनमा पनि E लाई सबैभन्दा सामान्य अक्षर मानिन्छ ।

त्यसो त, अंग्रेजीमात्र होइन, सबै भाषाका सबै लिपि जोडेर हेर्ने हो भने यो तथ्यमा फरक पनि पर्न सक्छ । तर, विश्वव्यापी लेखन र प्रयोगका आधारमा E नै सबैभन्दा बढी लेखिने अक्षर हो ।

त्यस्तै, नेपाली भाषामा सबैभन्दा बढी प्रयोग हुने अक्षर 'अ' हो । किनकि धेरै शब्द 'अ'बाटै सुरु हुन्छन् । जस्तै : अनि, अब, अझ, अवस्था आदि ।

संयुक्त शब्द र व्याकरणिक संरचनामा पनि 'अ' स्वाभाविक रूपमा मिसिएको हुन्छ । व्यञ्जनसँग मिल्दा पनि 'अ'को ध्वनि अन्तर्निहित हुन्छ । जस्तै : क= क् +अ ।

त्यस्तै, हिन्दी भाषामा पनि सबैभन्दा बढी प्रयोग हुने अक्षरः 'अ' नै हो । संस्कृतबाट आएको भाषा भएकाले 'अ' आधारस्वर हो । शब्द निर्माण, प्रत्यय, क्रिया सबैमा 'अ' व्यापक प्रयोग हुन्छ । हिन्दीका धेरै शब्द 'अ'बाट सुरु हुन्छन् ।

## विश्व इतिहासमा आजको दिन



७ जनवरी १६१० आजकै दिन इटालीका खगोलविद् ग्यालिलियो ग्यालिलीले बृहस्पति ग्रहका चार प्रमुख उपग्रह आयो, यूरोपा, गैनीमीड र क्यालिस्टो पहिलोपटक पत्ता लगाएका थिए । यस खोजले सौर्यमण्डलसम्बन्धी मानव संसारमा क्रान्ति ल्याएको थियो ।

## बेलाको बोली

### 'नयाँ बोतलमा पुरानो जाँड'जस्तै भएको र त्यसको गन्ध पनि उस्तै आउनु हो



- भावना राउत

जेनजी अभियन्ता

नेपालका नयाँ र वैकल्पिक भनिने राजनीतिक शक्तिमा महिला सहभागिता भएको देखिएन । पुराना दलको विकल्प दाबी गर्ने रवि लामिछाने, बालेन शाहलगायतका 'नयाँ' नेतृत्वको टिममा महिलालाई स्थान दिइएको छैन । यसमा मेरो असन्तुष्टि छ ।

पुराना राजनीतिक दलहरूसँग जनताको आशा धेरैअघि नै सकिए पनि नयाँ र वैकल्पिक भनिनेहरूको अभ्यास पनि पुरानै ढर्रामा चलेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, काठमाडौं महानगरका मेयर बालेन शाह, कुलमान घिसिङ र सुदन गुरुङलगायतबाट बनेका संरचना र सचिवालयहरूमा महिलाको उपस्थिति देखिएका छैनन् ।

देशको जनसंख्यामा महिलाको हिस्सा बढी हुँदाहुँदै पनि निर्णायक तह र नेतृत्वको टेबलमा महिला हराइरहेका छन् । नेतृत्वकर्ता 'दाजुहरू'ले कस्तो मुलुक बनाउने सपना देखेको हो ?

विवेकशील अभियानका संस्थापक स्वर्गिय उज्ज्वल थापाको राजनीति सिकेको दाबी गर्ने धेरै नेताहरू अहिले रास्वपालगायतका नयाँ शक्तिमा रहेका छन् । उनीहरूले थापाको नाम सम्झिए पनि संस्कार भने बिर्सेका छन् । उज्ज्वल थापा महिला नेतृत्वमा गहिरो विश्वास गर्ने नेता भए पनि उनको पदचाप पछ्याउने दाबी गर्नेहरूले व्यवहारमा त्यो देखिएको छैन ।

संविधानले बाध्यकारी बनाएको ३३ प्रतिशत सहभागितालाई मात्रै आधार मान्ने हो भने त्यो वैकल्पिक राजनीति हुँदैन । नयाँ दल र नेतृत्वमा महिला सहभागिता कानुनी कोटामै सीमित हुनु भनेको 'नयाँ बोतलमा पुरानो जाँड'जस्तै भएको र त्यसको गन्ध पनि उस्तै आउनु हो ।


Bhawana Raut
6h

किन महिलाहरू आज पनि निर्णायक तहमा अटाउँदैनन्?
पुराना दलसँग आशा त धेरै अघि सकिइसक्यो। तर 'नयाँ', 'वैकल्पिक' भनिनेहरूको अभ्यास पनि किन उही पुरानो ढर्रा हो?

रवि लामिछानेको टिममा महिला छैनन्। बालेन, कुलमान, सुदनबाट बनेका संरचनाहरूमा पनि महिलाको उपस्थिति देखिँदिन। जब देशको जनसंख्यामा महिलाहरू नै बढी छन्, तब नेतृत्वको टेबलमा उनीहरू किन हराइरहेका छन्? दाजुहरू, कस्तो मुलुक बनाउने सपना देखिरहनु भएको हो? समान सहभागिता केवल भाषण र नाराका लागि हो? कि व्यवहारमा पनि लागू हुने हो?

उज्ज्वल थापाको राजनीति सिकेको दाबी गर्ने धेरै दाजुहरू आज रास्वपामै हुनुहुन्छ। तर उज्ज्वल थापा महिला नेतृत्वमा गहिरो विश्वास गर्ने नेता थिए। उहाँको नाम त सम्झनुभयो, तर त्यो राजनीतिक संस्कार सिक्न बिर्सनुभयो कि?

समान सहभागिता भनेको संविधानले जबर्जस्ती दिएको ३३% को न्यूनतम कोटा मात्रै होइन। यदि तपाईंहरूको 'वैकल्पिक' पार्टीमा महिला सहभागिता यही ३३% मै सीमित हुन्छ भने त्यो नयाँ राजनीति होइन। त्यो त नयाँ बोतलमा पुरानो जाँड मात्रै हो। र गन्ध पनि उस्तै आउँछ।

216 59 comments 27 shares

*(मंगलबार राउतले सामाजिक सञ्जाल फेकबुकमा गरेको पोस्टमा आधारित)*

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस्
bicharrajdhani@gmail.com

पृष्ठ १ बाट क्रमश:

## ५७ मन्त्री फेरिए...

**कसको कार्यकालमा को–को मन्त्री ?**

प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री बने हिक्मतकुमार कार्की । नेकपा एमाले संसदीय दलका नेता कार्की २४ पुस २०७९ मा माओवादी केन्द्र, राप्रपा र जसपाको समर्थनमा मुख्यमन्त्री बनेका थिए। कार्कीले १३ मन्त्रालयबाट घटाएर ९ मन्त्रालय बनाए । उनको पहिलो कार्यकालमा ६ जना मन्त्री बने। एमालेका तर्फबाट तिलकुमार मेन्याङ्बो, बुद्धिकुमार राजभण्डारी, माओवादी केन्द्रबाट दुर्गाप्रसाद चापागाईं, जीवन आचार्य, राप्रपाबाट भक्तिप्रसाद सिटौला र जसपाबाट निर्मला लिम्बू मन्त्री बनेका थिए। मेन्याङ्बोलाई खानेपानी सिँचाइ तथा ऊर्जा, राजभण्डारीलाई सामाजिक विकास, चापागाईंलाई भौतिक पूर्वाधार तथा सहरी विकास, आचार्यलाई पर्यटन, वन तथा वातावरण, सिटौलालाई उद्योग, कृषि तथा सहकारी मन्त्रालय र लिम्बूलाई स्वास्थ्यको जिम्मेवारी दिइएको थियो। आन्तरिक मामिला तथा कानुन र आर्थिक मामिला तथा योजना मन्त्रालय भने मुख्यमन्त्री कार्कीले आफैँसँग राखेका थिए। प्रदेश नामकरणको विषयलाई लिएर सरकारमा रहेका माओवादी र जसपा बाहिरिएपछि कार्कीले १५ असार २०८० मा विश्वासको मत प्राप्त गर्न सकेनन्। मुख्यमन्त्री पद गुमाएपछि २२ भदौ २०८० मा एमालेका उनै हिक्मतलाई मुख्यमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतले आदेश दियो । सोहीअनुसार मुख्यमन्त्री नियुक्त भएलगत्तै उनले तीन मन्त्री र एकजना राज्यमन्त्री नियुक्त गरे। तिलकुमार मेन्याङ्बो ऊर्जा, पाँचकर्ण राई वन तथा वातावरण र एकराज कार्की भौतिक पूर्वाधारमन्त्री नियुक्त भए भने सृजना राई सामाजिक विकास राज्यमन्त्री भइन्।

कार्कीले ८ असोज ०८० मा पुन: मन्त्रिपरिषद् विस्तार गरे । जसअनुसार लीलाबल्लभ अधिकारी आन्तरिक मामिला तथा कानुन, बुद्धिकुमार राजभण्डारी खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री नियुक्त भए। रामप्रसाद मेहता उद्योग कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्त भए भने निरन राई आर्थिक मामिला तथा योजना राज्यमन्त्री बने। पछिल्लो पटक २७ बैशाख २०८१ मा तेस्रोपटक मुख्यमन्त्री बनेका कार्कीको कार्यकालमा माओवादी पनि सरकारमा सहभागी भयो ।

आर्थिक मामिला तथा योजनामा रामबहादुर राना, स्वास्थ्यमा राजेन्द्र कार्की, सामाजिक विकासमा पाँचकर्ण राई, ऊर्जा, सिँचाइ तथा खानेपानीमा एकराज कार्की, भौतिक पूर्वाधार विकासमा गणेश उप्रेती, पर्यटन, वन तथा वातावरणमा नारायणबहादुर बुर्जामगर, आन्तरिक मामिला तथा कानुनमा लीलाबल्लभ अधिकारी मन्त्री बने, यसैगरी सृजना राई र वन्दना भ्ााँगड राज्यमन्त्री बने। त्यससँगै केन्द्रको सत्ता हेरफेरपछि भने माओवादी सरकारबाट बाहिरियो । माओवादी बाहिरिएपछि २८ भदौ २०८१ मा कांग्रेस सरकारमा सहभागी भएको थियो ।

भूपेन्द्र राई भौतिक पूर्वाधार र स्वास्थ्य, खगेनसिंह हांगाम उद्योग कृषि तथा सहकारी, सदानन्द मण्डल पर्यटन, वन, वातावरणमन्त्री र भूमिप्रसाद राजबंशी भौतिक पूर्वाधार राज्यमन्त्री बने। पछि लीलाबल्लभ अधिकारी मानव तस्करको मुद्दामा तानिएपछि उनले मन्त्री पदबाट राजीनामा दिएका थिए । राजीनामा दिएसँगै १७ मंसिर २०८१ मा रेवतीरमण भण्डारीलाई आन्तरिक मामिला तथा कानुनमन्त्रीको जिम्मेवारी दिइएको थियो । एकै कार्यकालमा तीनपटक मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीको नेतृत्वमा पटक पटक गरी ३८ जना मन्त्री बनेका छन् । २१ असार २०८० मा प्रदेशसभाको दोस्रो कार्यकालमा दोस्रोपटक नेपाली कांग्रेसका उद्धव थापा माओवादीसहितको समर्थनमा मुख्यमन्त्री बने ।

मुख्यमन्त्री नियुक्त भएपछि थापाले कांग्रेसबाट प्रदीपकुमार सुनुवार, रामकुमार खत्री, जीवन आचार्य, राजेन्द्र कार्की र कमल जुबेगुलाई मन्त्री नियुक्त गरे । उनको पहिलो कार्यकालमा पाँचजना मन्त्री बने ।

तत्कालीन सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षरसहित मुख्यमन्त्री बनेपछि उनीविरुद्ध एमालेले सर्वोच्च अदालतमा रिट दायर गर्‍यो। सर्वोच्चले ११ साउनमा मुख्यमन्त्री थापाको पद खारेज गरेको थियो । सर्वोच्चबाट पदमुक्त भएका थापा पुन: १६ साउनमा मुख्यमन्त्रीमा दोहोरिए। तत्कालीन सभामुख गौतमलाई पदबाट राजीनामा गराएर ४७ सांसदको हस्ताक्षरमा थापा मुख्यमन्त्री नियुक्त भएका थिए। ३१ साउन २०८० मा मन्त्रिपरिषद् बिस्तार गरेपछि थापा नेतृत्वको प्रदेश सरकारमा कांग्रेसबाट प्रदीपकुमार सुनुवार सिँचाइ, खानेपानी तथा ऊर्जा, माओवादी केन्द्रबाट बाबुराम गौतम आर्थिक मामिला तथा योजना, नेकपा एकीकृत समाजवादीबाट कमल जबेगु भौतिक पूर्वाधार विकास र जसपाबाट निर्मला लिम्बू स्वास्थ्यमन्त्री र कांग्रेसबाटै गयानन्द मण्डल उद्योग, कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्त भए ।

दुई कार्यकालमा थापाको नेतृत्वमा १० जना मन्त्री बने । तीमध्ये केही दोहोरिए । ४ भदौ २०८० मा विश्वासको मत लिएका मुख्यमन्त्री थापालाई सभाका अध्यक्ष इस्राइल मन्सुरीले पनि विश्वासको मत दिएका थिए । त्यसविरुद्ध पनि एमाले सर्वोच्चमा गयो । अदालतले सभाध्यक्षको मतलाई अस्वीकार गरेपछि थापा पदबाट मुक्त भए। थापा पदमुक्त भएपछि संविधानको धारा १६८ को उपधारा ३ अनुसार एमालेका हिक्मत कार्की पुन: २२ भदौ २०८० मा मुख्यमन्त्री बनेका थिए । उनी मुख्यमन्त्री बने पनि विश्वासको मत प्राप्त गर्ने अवस्था नभएपछि २० असोजमा पदबाट राजीनामा दिएका थिए । २७ असोज २०८० मा कांग्रेसका केदार कार्की मुख्यमन्त्री नियुक्त भए । उनलाई एमालेका ३९ सांसदले समर्थन गरेका थिए। संविधानको धारा १६८ (५) बमोजिम कार्की मुख्यमन्त्री बनेका उनले कांग्रेसका शमशेर राई र एमालेका रामकुमार राना मन्त्री नियुक्त भए।

माओवादी र नेकपा एकीकृत समाजवादीलाई पनि सरकारमा समावेश गराएपछि एमाले सरकारबाट बाहिरिएको थियो। आफू मुख्यमन्त्री भएको चार महिनापछि मात्रै कार्कीले मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए। जसअनुसार प्रदीपकुमार सुनुवार स्वास्थ्य, राजेन्द्र कार्की सामाजिक विकास, शमशेर राई आन्तरिक मामिला तथा कानुन, गणेश उप्रेती पर्यटन, वन तथा वातावरण, गणेशप्रसाद जबेगु भौतिक पूर्वाधार, रामकुमार खत्री उद्योग कृषि तथा सहकारी, खानेपानी, सिँचाइ तथा ऊर्जामा नारायण बुर्जामगर मन्त्री भए। आर्थिक मामिला तथा योजना राज्यमन्त्रीमा इन्दिरा थापा र आन्तरिक मामिला तथा कानुन राज्यमन्त्रीमा सुनिताकुमारी गुरुङलाई जिम्मेवारी दिइयो। कार्कीको कार्यकालमा नौ जना मन्त्री बन्दा केही मन्त्री दोहोरिए।

## दोहोरिए...

'संघीयताको रचना गर्दा पनि सामुदायिक बनावटले राम्रोसँग ख्याल गरिएन। चुनावी अंकगणितका आधारमा संघीयता कार्यान्वयनमा ल्याइयो। काठमाडौंलाई मात्रै केन्द्रमा राखेर अधिकार दिइयो,' उनले राजधानीसँग भने, 'प्रशासनिक र आर्थिक अवस्था कमजोर बनाएर राजनीतिक भागबन्डा पुर्‍याउन मात्रै संघीयता कार्यान्वयन गरियो ।' खासगरी पटक पटक मन्त्रिपरिषद् गठन र दलहरूको आन्तरिक किचलोले संघीयतालाई हेर्ने दृष्टिकोण नै बदलिएकोसमेत उनले बताए । 'सरकारको जोडघटाउमा केही नेताहरूले राजनीतिक प्रणालीभन्दा माथि आफ्नो स्वार्थ राख्ने अवस्था सिर्जना गरियो। नेताको सीमितताका कारण संघीयता बदनाम भयो,' उनी भन्छन्, 'राजनीतिक प्रणालीअनुसार आफू चल्ने होइन, आफ्नो स्वार्थअनुसार राजनीतिक प्रणालीलाई चलाउन खोज्दा संघीयताको अभ्यास कुरूप भयो, जुन कुरा कोशी प्रदेशलाई हेरे पुग्छ।'

## अन्तत:...

११ फागुन २०७७ मा भएको सो फैसलाका क्रममा इजलासमै प्रधानन्यायाधीश जबराले संक्षिप्त आदेश वाचन गरेर सुनाउँदै फैसलाको पूर्णपाठ पछि तयार हुने बताएका थिए। तर, उनको पेन्सनपट्टा विवादका कारण 'पछि' आउने भनिएको यो फैसला ५ वर्षसम्म कहिले सर्वोच्च अदालतको संवैधानिक फाँट त कहिले चोलेन्द्रशमशेर जबराको निवास घुमेर बसेको थियो । फैसला गर्ने सबै न्यायाधीश उमेरहदका कारण सेवानिवृत्त भइसकेका छन्। जबराबाहेक सबै न्यायाधीशले यस फैसलाको पूर्णपाठमा यसअघि नै हस्ताक्षर गरिसकेका थिए। यस फैसलापछि पनि प्रधानमन्त्री ओलीले दोस्रोपटक संसद् विघटन गरे । यस विघटनविरुद्ध पनि सर्वोच्चमा अर्को रिट दर्ता भयो । तत्कालीन प्रधानन्यायाधीश जबरासहित न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीले संसद् पुनर्स्थापना गर्दै विपक्षी दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो। यही फैसलाका कारण देउवा नेतृत्वमा सरकार बनेपछि एमालेले लामो समयसम्म सरकारलाई 'परमादेशी सरकार' भनिरह्यो।

२८ असार २०७८ को प्रतिनिधिसभा विघटन फैसलाको पूर्णपाठ भने त्यसबेलै सार्वजनिक गरिएको थियो । त्यसबेला फैसला गर्ने प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरू दीपककुमार कार्की, मिरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराई थिए । ११ फागुन २०७७ को प्रतिनिधिसभा विघटनसम्बन्धी परेका १४ रिटको संक्षिप्त आदेश आयो तर फैसला नै अहिलेसम्म आएन । साबिकको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा आफूविरुद्ध घेराबन्दी भएको भन्दै ओलीले ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटन गरेका थिए । सो कदम असंवैधानिक भन्दै सर्वोच्च अदालतले ११ फागुन २०७७ मा प्रतिनिधिसभा ब्युँताइदिएको थियो ।

## यसकारण...

नेपाल बारका तत्कालीन अध्यक्ष पूर्णमान शाक्यको रिटमा सुनुवाइ गर्दै अदालतले गौतमको सो पत्र कार्यान्वयन नगर्न आदेश दिए पनि अहिलेसम्म सो रिटको अन्तिम फैसला भएको छैन। १ फागुन २०७८ मा जबराविरुद्ध संघीय संसद् सचिवालयमा महाअभियोग प्रस्ताव दर्ता भएको थियो। सत्ता गठबन्धनका तीन दलका ९८ सांसदले जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गराएका थिए। माओवादीका प्रमुख सचेतक देव गुरुङ, नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसाल र एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठले प्रतिनिधिसभा सचिवालयमा २१ बुँदे महाअभियोग प्रस्ताव दर्ता गराएका थिए । महाभियोग दर्ता भएपछि प्रधानन्यायाधीश जबरा निलम्बित भएका थिए। महाभियोग दर्ता भएको २२ दिनपछि २२ फागुनमा महाअभियोग सिफारिस समिति गठन गरिएको थियो । त्यसपछिका ६ महिना प्रधानन्यायाधीशविरुद्धको महाअभियोग प्रस्ताव अगाडि नै बढाइएन ।

महाअभियोग निष्कर्षमा नपुग्दै संसद्को कार्यकाल सकिएपछि संसद् र संसद् सचिवालयले अहिलेसम्म महाअभियोगको हैसियत के छ भनेर निर्णय गर्न सकेको छैन। प्रतिनिधिसभा नियमावली २०७९ मा अघिल्लो प्रतिनिधिसभामा दर्ता भएको प्रस्तावमा निर्णय हुन नसकेमा अभिलेखमा राख्ने व्यवस्था छ। तर, यस्तो अभिलेखलाई हालको प्रतिनिधिसभा बैठकले छलफलमै ल्याएको छैन । संसद् सचिवालयका कर्मचारीहरू जबराको महाअभियोग प्रस्ताव प्रतिनिधिसभा नियामावलीअनुसार दर्ता भएको र निलम्बन भएको बताउँछन्। तर, त्यसपछिका प्रक्रियाका विषयमा भने संसद्बाट कुनै निर्णय भइनसकेको उनीहरूको भनाइ छ। जबराको जागिरे अभिलेख निजामती किताबखानामा र पेन्सन अड्डामा पेस गर्नुपर्ने सर्वोच्च अदालत प्रशासन भने महाअभियोगको प्रस्ताव दर्ता भएको तर प्रस्तावका बारे अहिलेसम्म कुनै निर्णय संसद्बाट नआएका कारण पेन्सनपट्टा प्रक्रिया अघि बढाउन नसकिएको बताउँछ।

## ३ महिनामा...

**वनदेखि अध्यागमनमा विवाद**

सरकारले २१ पुसको मन्त्रीपरिषद् बैठकबाट वन नियमावली संशोधन गरेको छ। वन क्षेत्रको उपयोगसम्बन्धी व्यवस्थाले निजी क्षेत्रलाई पोस्ने र सामुदायिक वनलाई प्रभावित पार्ने भन्दै सामुदायिक वन उपभोक्ता महासंघले मन्त्रालय, विभाग तथा सरोकारवालालाई ज्ञापनपत्र बुझाइरहेकै समयमा निर्वाचित सरकारले समेत गर्न नसकेको वन नियमावली अन्तरिम सरकारले संशोधन गरिदिएको छ। अध्यागमन नियमावलीको अनुसूचीमा संशोधन गर्दै विदेशी नागरिकलाई सीमावर्ती क्षेत्रमा सहज पहुँच पुर्‍याएको भन्दै आलोचनासमेत भएको छ । माथिल्लो मुस्ताङ क्षेत्रमा विदेशी नागरिकलाई पहुँच अनुमतिका लागि एकमुष्ट १० दिनको लागि ५ सय अमेरिकी डलर तिर्नुपर्ने व्यवस्था भएकोमा संशोधन गरी एकमुष्ट १० दिने व्यवस्था हटाएको छ। प्रतिदिन ५० डलर बुझाएर अनुमति लिन सकिने व्यवस्था गरेसँगै विदेशी पर्यटकको चाप बढ्ने, नियमन कठिन हुने तथा व्यवस्थापन जटिल हुने सम्भावनाका कोणबाट समेत आलोचना भएको छ। सीमावर्ती तथा निषेधित क्षेत्रमा विदेशी पर्यटकलाई सहज बनाउने गरी नियमावली संशोधन गरिनुलाई रहस्यमय भन्दै विरोधसमेत भएको थियो।

सामुदायिक तथा राष्ट्रिय वन विनाश हुने गरी निजी क्षेत्रलाई पोस्ने नीति लिएर वन नियमावली संशोधन भएको भन्दै सरोकारवालाहरूले प्रारम्भिक टिप्पणी गरेका छन् भने कतिपय संशोधित नियमावली सरकारले सार्वजनिक नगरेकाले समेत असन्तुष्टि जनाएका छन्।

हाइड्रोपावर तथा वन पैदावार व्यवसायीको हित हुने गरी नियमावली संशोधन भएको गाइँगुइँ आएको छ भन्दै सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष ठाकुर भण्डारीले अन्तरिम सरकारलाई दीर्घकालीन महत्वको निर्णय गर्ने अधिकार नभएको दाबी गरे ।

जेनजी आन्दोलनपछि गठन भएको सरकारले भूउपयोग नियमावलीदेखि सम्पत्ति शुद्धीकरण नियमावली, प्राइभेट फर्म रजिस्ट्रेसन नियमावलीको संशोधन, छापाखाना तथा प्रशासन नियमावलीको संशोधन, सशस्त्र प्रहरी नियमावलीको संशोधन, सार्वजनिक खरिद नियमावलीको संशोधन लगायतलाई फटाफट निर्णय गरेको हो । सरकारले गएको कात्तिक २४ मा भूउपयोग नियमावलीको तेस्रो संशोधन स्वीकृत गरी २७ कात्तिकमा नेपाल राजपत्रमा प्रकाशित गरेको थियो । यस्तै ११ पुसको मन्त्रीपरिषद् बैठकले निर्णय गरेसँगै सम्पत्ति शुद्धीकरण नियमावली २०८२ स्वीकृत भएको छ भने नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्ने प्रयास गरिएको दाबी गरिएको छ । सरकारले उद्योग तथा निजी क्षेत्रलाई हितमा राखेर वर्षौंदेखि नवीकरण नभएका प्राइभेट फर्महरूलाई नवीकरण गर्न सहज हुने गरी फाइभेट फर्म रजिस्ट्रेसन नियमावलीको १४ औं संशोधन सम्बन्धी नियमावली पनि स्वीकृत गरेको छ। देशभित्रै सुरक्षण मुद्रण व्यवस्थापन गर्नेसम्बन्धी नियमावली जेनजी आन्दोलनलगत्तैको मन्त्रीपरिषद् बैठकबाट भएको थियो । २०८२ असोज ९ गते भएको निर्णयअनुसार नियमावली लागू भएपछि सरकारले सुरक्षण मुद्रण सेवा सुरु गरी लाइसेन्स छाप्ने काम भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

जेनजी आन्दोलनका क्रममा प्रधानमन्त्री तथा सरकारको महत्वपूर्ण संयन्त्रलाई गोप्य सूचना उपलब्ध गराउने क्रममा त्रुटि भएको भन्दै आलोचना ब्यहोरेको विशेष सेवा (गुप्तचर संयन्त्र) परिचालन गर्ने विशेष सेवासम्बन्धी नियमावली पनि सरकारले संशोधन गरेको छ। मन्त्रीपरिषद्ले मंसिर १५ मा नेपाल विशेष सेवा (२० औं संशोधन) नियमावली २०८२ स्वीकृत गरेको छ

**QATAR मा रोजगारी** | **COMPANY: POWER LINE SOLUTIONS TRADING & CONTRACTING**

Pre Approval Date: 2026/01/06 Chalani No. 60250263 LOT No. 336698 City: DOHA, QATAR

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electricians | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,३६२/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**फाइनल अन्तरवार्ता मिति २०८२/०९/३० गते (14 Jan. 2026) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू.२१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**INDO ARAB MANPOWER PVT. LTD.**
License No. 764/065/066
E-mail: ktmskyking@gmail.com / Website: www.indoarabnepal.com.np
Jawalakhel-20, Lalitpur Tel: +977-1-5439268, 5439269, Cell: +977-9801023474
Damak Branch: Rizu Karki 9814970040
Chitawn Branch Babu Ram 9855058369

## श्री विष्णु जनज्योति माध्यमिक विद्यालय

खाँडादेवी-६, माकादुम, रामेछाप, बागमती प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !!!**

**सूचना प्रकाशन मिति: २०८२/०९/२३**

मिति २०८२/०८/१७ गते तपशीलको बोलपत्र आह्वान गरिएकोमा नियमानुसार पर्न आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्रलाई न्युनतम मुल्यांकित सारभूत रुपमा प्रवाभग्राही बोलपत्रको रुपमा छनोट गर्ने आशयका साथ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| १.० | MS-KRM-NCB-WORKS-01-082-083 | Kendrabat Chhanaut Bhayeka Namuna Bidyalaya, Bishesh Bidyalayako Swikrit Guru-yojana anurup Bhautik Purbadhar Bikas Anudan | Abhinawa Nirman Sewa, Sankharapur, Sankhu, Kathamandu, Nepal, | Nrs.71,04,378.57/- |

**प्रधानाध्यापक**

## रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

**औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०९/२३
ठेक्का नं. RRM/ILAM/SQ/2082/083-13

चालु आ. व. २०८२/०८३ मा कार्य सम्पन्न गर्ने गरी यस रोङ गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुका लागि दरभाउपत्रद्वारा आवश्यक आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी र स्वास्थ्य सुरक्षा सामाग्रीहरु खरिद गर्नुपर्ने भएको हुँदा सूचनामा उल्लेखित शर्तहरुको अधीनमा रही नेपाल सरकारबाट इजाजत प्राप्त फर्म तथा आपूर्तिकर्ता कम्पनीहरुबाट रीतपूर्वक दरभाउपत्र आव्हान गरिन्छ।

**ठेक्का विवरण :**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम | बैंक जमानत | शिलबन्दी दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | RRM/ILAM/SQ/GOODS/2082/083-13 | Supply & Delivery Medicine & Surgical Item | ३२००० | १००० | |

**शर्तहरु :**

१. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित कानून, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ अनुसार हुनेछ।
२. शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात https://bolpatra.gov.np/egp बाट मिति २०८२/१०/०८ गते दिनको १:०० बजेभित्र पेश गर्न सकिन्छ र दाखिला भएका शिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे खोलिने छ।
३. यस सूचनासँग सम्बन्धित अन्य विवरण यस गाउँपालिकाको सूचनापाटी र वेवसाइट https://rongmun.gov.np बाट समेत हेर्न सकिनेछ।

**बैंक तथा खाताको विवरण :**

बैंकको नाम : Nepal Investment Mega Bank Ltd. (हर्कटे शाखा)
कार्यालयको नाम : Rong Rural Municipality, Ilam
खाताको नाम : GA 1.1 RONG GA. PA. AANTARIK RAJASWO KHATA
खाता नं. : 18001400000086 (शिलबन्दी दरभाउ फारामको लागि)
खाताको नाम : RONG GA PA DHARAUTI KHATA-GA 3
खाता नं. : 18001400000055 (Bid Security को लागि)
सम्पर्क नं. : 9852640160

## LAHAN MUNICIPALITY
## OFFICE OF MUNICIPALE EXECUTIVE

LAHAN, SIRAHA
MADHESH PROVINCE, NEPAL

**INVITATION FOR BIDS**

Notice No: **LMUN-W19-IFB-2082-83-24**
First Date of Publication: **23-09-2082 (07th January 2026)**

1. Lahan Municipality invites Open Competitive Bidding (Single Stage Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No | (Description) | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Document Fee (NRs.) | Minimum Average Annual Construction Turnover. | Contracts of Similar Size and Nature. | Bid Capacity |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W19-NCB-2082-83-24 | Construction and Beautification of Agricultural Haat market at Ward No. 5, Lahan Municipality, Siraha | 15,50,000.00 | 90 | 5000.00 | 8,57,60000.00 | 2,28,69000.00 | 4,57,39000.00 |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of Lahan Municipality, Lahan (Siraha) or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. **Information to deposit the cost of bidding document in Bank:**
   Name of Bank: Nepal Bank Ltd., Lahan (Siraha)
   Name of office: Lahan Municipality, Lahan (Siraha)
   Office Account No.: 03603000001001000001
4. Interested bidders should submit electronic bids through PPMO's e-GP system www.bolpatra.gov.np/egp only on or before **06-02-2026 A.D, 12:00 noon**. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline, 2080 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **06-02-2026 A.D A.D, 2:00 PM** at the office of Lahan Municipality, Lahan. Bids must be valid for a period of days as mentioned in the table above after bid opening and must be accompanied by a bid security, amounting to a minimum as mentioned in the table above which shall be valid for 30 days beyond the validity period of the bid. The scanned copy of the bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (Twelfth Amendment) Rules.
6. Any amendments in the tender notice shall be published in the e-procurement section.
7. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non-compliance with this instruction shall result in disqualification. Lahan Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**सुन चाँदी**

छापावाल प्रतितोला - रू.२,६८,१००/-
चाँदी प्रतितोला - रू.४,८८०/-
(यो दर मंगलबारको हो)

## निक्की र संघबीच सहकार्य

**काठमाडौं/रास–** भारत उद्योग वाणिज्य संघ (निक्की) र भक्तपुर उद्योग वाणिज्य संघ (बीसीसीआई) बीच व्यापार, पारवहन सहजीकरण तथा पर्यटन प्रवर्धनमा सहकार्यका सम्भावनाहरूबारे छलफल कार्यक्रम सम्पन्न भएको छ। बैठकको साझा उद्देश्य नेपालको आर्थिक वृद्धि र उद्यमशीलता विकासलाई टेवा पुऱ्याउनु रहेको निक्कीले जनाएको छ।

भारतबाट नेपाल आएका निक्की प्रतिनिधिमण्डललाई स्वागत गर्दै बीसीसीआईकी अध्यक्ष रोशनी मैयाँ धौबञ्जाले भक्तपुरको आर्थिक तथा सांस्कृतिक विशेषताहरूको बारेमा जानकारी गराइन्। उनले भक्तपुरलाई सांस्कृतिक र धार्मिक सम्पदाले सम्पन्न परम्परागत सहरका रूपमा उल्लेख गर्दै पर्यटनमा आधारित विकासको ठूलो सम्भावना रहेको बताइन्।

'बीसीसीआईले कृषि, हस्तकला र पर्यटन प्रवर्धनमा सक्रिय रूपमा काम गरिरहेको छ,' धौबञ्जाले भनिन्, 'यी क्षेत्रसँगै हामी परम्परागत नेपाली उत्पादनहरू भादगाउँले टोपी तथा भक्तपुरको प्रसिद्ध दही 'जुजु धौ'को प्रवर्धनमा पनि लागिरहेका छौँ।' निक्कीका अध्यक्ष सुनिल केसीले सहभागीहरूलाई द्विपक्षीय व्यापार सहजीकरणमा निक्कीको भूमिकाबारे जानकारी गराउँदै विशेषगरी निर्यातसम्बन्धी विषयमा दुवै संघबीच नजिकको सहकार्य आवश्यक रहेकोमा जोड दिए।

'भारत नेपालका लागि निर्यातको मुख्य प्रवेशद्वार मात्र होइन, नेपाली वस्तु तथा सेवाहरूको सबैभन्दा ठूलो बजार पनि हो,' केसीले भने, 'निर्यातमा समस्या परेमा निक्कीसँग परामर्श लिन सकिन्छ, निरन्तर संवाद र एक-अर्काका प्रयासलाई पूरक बनाउँदै हामी नेपाल प्रवर्धन गर्ने साझा लक्ष्यतर्फ सँगै काम गर्न सक्छौँ।'

छलफलको क्रममा बीसीसीआईका सदस्यहरूले हस्तकला निर्यात तथा भारतबाट विभिन्न वस्तु आयात गर्दा भन्सार प्रक्रियालगायत व्यापार र पारवहन सहजीकरणमा निक्कीको सहयोगको अपेक्षा व्यक्त गरेका थिए। उनले चाँगुनारायण र डोलेश्वर महादेवजस्ता शताब्दीयौं पुराना मन्दिर तथा सम्पदास्थलसहित भक्तपुरको पर्यटन प्रवर्धनमा सहयोग गर्न पनि आग्रह गरे।

विभिन्न मागहरूप्रति प्रतिक्रिया दिँदै निक्कीका उपाध्यक्ष कुनाल कयालले सहकार्यप्रति निक्कीको प्रतिबद्धता व्यक्त गरे। 'बीसीसीआईको क्षमता अभिवृद्धि गर्न तथा भक्तपुरका उत्पादन र पर्यटन सम्भावनाको प्रवर्धनमा सहयोग गर्न निक्की हातेमालो गर्न तयार छ,' उनले भने। यस्तै, निक्कीका महासचिव राजन शर्माले पनि विशेषगरी व्यापार र पारवहनसम्बन्धी विषयमा तालिममार्फत प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए।

सोही बैठकमा दुवै संघले व्यापार, पारवहन र पर्यटनसम्बन्धी पहलहरूमा नजिकबाट सहकार्य गर्ने सहमति जनाएको छ। यस सहकार्यलाई नेपालको दिगो आर्थिक वृद्धि र उद्यमशीलता विकासको प्रमुख आधारका रूपमा स्वीकार गरिएको निक्कीले जनाएको छ।

# 'एकल निकायको प्रयासले मात्र राजस्व चुहावट नियन्त्रण असम्भव'



**राजधानी समाचारदाता**
काठमाडौं, २२ पुस

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा मंगलबार अर्थमन्त्री रामेश्वरप्रसाद खनालको प्रमुख आतिथ्यमा केन्द्रीय राजश्व चुहावट नियन्त्रण समितिको बैठक सम्पन्न भएको छ।

सरोकारवाला निकायमा अर्थमन्त्री आफै उपस्थित भएर केन्द्रीय राजश्व चुहावट नियन्त्रण समितिको बैठक बसेको यो पहिलो हो।

सो अवसरमा अर्थमन्त्री खनालले मुलुकभित्रको आर्थिक गतिविधिलाई आवश्यक संरक्षण र सुरक्षा प्रदान गर्दै देशको अर्थतन्त्र सुधार गर्नुपर्ने र राजश्व चुहावट नियन्त्रण गर्न अन्तर निकायमा भए गरेका कमीकमजोरीलाई समेत सुधार्दै लैजानु पर्ने बताए। उनले कुनै एकल निकायको प्रयासले मात्र राजश्व चुहावट नियन्त्रण गर्न सम्भव नहुने भन्दै सम्बन्धित सरोवाला निकायहरूको संयुक्त प्रयासले लक्ष्य प्राप्त गर्न सकिनेमा जोड दिए।

अर्थमन्त्री खनालले राजश्व चुहावट नियन्त्रणका लागि कुनै पनि कार्य गर्दा आमनागरिकलाई दुःख नहोस् भन्ने कुरामा समेत ध्यान दिन जरुरी रहेको उल्लेख गरे।

सो बैठकमा अर्थसचिव डा.घनश्याम उपाध्यायले राजश्व चुहावट नियन्त्रण कार्य सबैको साझा दायित्व रहेको उल्लेख गर्दै सीमित साधनस्रोतका बाबजुद पनि अधिकतम परिचालन भई परिणाम हासिल गर्नुपर्ने हालको अवस्थामा प्राप्त जिम्मेवारीलाई थप प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक रहेकोमा जोड दिए।

त्यसैगरी राजश्व सचिव भूपाल बरालले खुल्ला सिमानाका कारण शान्ति सुरक्षा र राजश्व संकलन दुवैमा चुनौती रहेको र सीमित स्रोतसाधनका बीच सुरक्षा निकायले राजश्व चुहावट नियन्त्रणमा उत्कृष्ट कार्य गर्दै आइरहेको तथा सो कार्यलाई अझै थप व्यावसायिक र समन्वयात्मक ढंगले उपलब्धिमूलक परिणाम हासिल गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने बताए।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सीमा क्षेत्रमा रहेका गोदामलाई सीमाबाट निश्चित दूरीमा राख्नुपर्ने तथा बजार अनुगमनलाई तीव्र बनाउनुपर्ने र सीमा नाकाबाट बरामद भएका अवैध सामानहरूको सहज रूपमा लिलाम प्रक्रिया अघि बढाउन जरुरी रहेको बताए।

यसैगरी सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राजश्व चुहावट नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारीहरू आपसी समन्वय र सहकार्यका साथ परिचालन भए मात्रै राजश्व संकलन तथा चुहावट नियन्त्रण परिणाममुखी हुने बताए। उनले सीमा नाकाबाट आवत-जावत गर्नेहरूको समेत अभिलेख राख्न जरुरी रहेको बताए।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले राजश्व चुहावट नियन्त्रण कार्यमा खटिने निकायहरूले एकले अर्कालाई दोषारोपण गरेर मात्र समस्याको समाधान नहुने तथा लक्ष्यमा पुग्न नसकिने बताउँदै सीमित स्रोतसाधनका बाबजुद राजश्व संकलन र चोरीपैठारी नियन्त्रणमा प्रभावकारी कार्य गर्न अत्यन्त जरुरी रहेको साथै सीमामा परिचालित सशस्त्र प्रहरी राजश्व चुहावट नियन्त्रणमा प्रतिबद्ध रहेको समेत उल्लेख गरे।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालले राजश्व चुहावट नियन्त्रणलाई उच्च प्राथमिकतामा राखेर सशस्त्र प्रहरी सीमा नाकामा खटिँदै आएको र चालु आर्थिक वर्षको करिब ६ महिना अवधिमा १ अर्ब ८५ करोड रुपैयाँभन्दा बढीको अवैध सामान नियन्त्रणमा लिई राजश्व अनुसन्धान र भन्सार कार्यालयमा दाखिला गरेको समेत बताए।

राजश्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलुवालले राजश्व चुहावट नियन्त्रण कार्यमा सबै निकायहरूको संयुक्त प्रयास जरुरी रहेको र सो कार्यलाई सहजीकरण गर्न सम्बन्धित सबै निकायहरू समन्वयात्मक ढंगले अघि बढ्नुपर्ने बताए।

त्यस्तै आन्तरिक राजश्व विभागका महानिर्देशक मदन दाहालले सीमा नाकाहरूमा अवैध क्रियाकलाप गर्नेहरूमा निगरानी गर्न जरुरी रहेको बताए।

अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीले राजश्व चुहावट नियन्त्रणमा खटिने निकायहरूबीच समयमा नै प्रभावकारी समन्वय राखी काम गर्नुपर्ने बताए।

बैठकमा प्रदेशस्थित बाहिनी मुख्यालयका बाहिनीपतिहरुले सीमा क्षेत्रमा भएका व्यवहारिक कठिनाइ र अवैध चोरीपैठारीलगायतका विविध आपराधिक गतिविधिहरूका बारेमा जानकारी गराएका थिए।

सशस्त्र प्रहरी नायव महानिरीक्षक विष्णुप्रसाद भट्टले सीमा तथा राजश्व सम्बन्धी प्रस्तुतीकरण गरेका थिए।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेल र गणेशबहादुर ठाडा मगर, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त अनुसन्धान निर्देशक ओमप्रकाश जोशी, भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी, सम्पत्ति सुदृढीकरण अनुसन्धान विभागका उपमहानिर्देशक निर्मल ढकाल, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेलगायत सशस्त्र प्रहरी वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको थियो।


**अधिकतम खुद्रा विक्रीमूल्य (MRP) प्रकाशनको सूचना**

MRP Price List For Tiles Marble Accessories, With Including Vat

| S. No. | Size | Particular/ Brand | Country Origin | Rate Per Box |
|---|---|---|---|---|
| 1. | 600×600 | Platina | India | 1350 |
| | | Abroad | India | 1350 |
| | | Perix | India | 1350 |
| 2. | 600×1200 | Abroad | India | 1530 |
| 3. | 300×300/300×450 | So Cute | India | 450 |
| 4. | Sanitary Ware, One Piece Toilet | Watero, Ralisa | India | 7400 |
| 5. | Sanitary Ware | | India | 610 |
| | Wash Basin | Kazero | India | 310 |
| | Orissa Pan Set P Trap | Ralisa | India | 1300 |
| 6. | | P Withe Granite | India | 2095 Sqm |
| 7. | | Chima Pink Granite | India | 2095 Sqm |
| 8. | | R Black Granite | India | 2095 Sqm |
| 9. | | Marble Slab | India | 1810 Sqm |

**विक्रेताको नाम:** Dexter Suppliers Vat No. 608653255
**विक्रेताको नाम:** Jk Tyre Emporium Vat No. 620694799
**विक्रेताको नाम:** Shree Sona Tyre Emporium Vat No. 302799013
**ठेगाना:** Birgunj-14, Nepal, **सम्पर्क नं.:** 9855021124

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री हुन्नातराम अग्रवालको छोरा, श्रीमती कमला देवी अग्रवालको श्रीमान्, मधेश प्रदेश, सिराहा जिल्ला, लहान गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल मधेश प्रदेश सिराहा जिल्ला लहान न.पा. वडा नं. ७ बस्ने श्री ओमकार मल्ल अग्रवालको मिति वि.सं. २०८२/०६/२७ का दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. ०३४०११ ०२००००९० मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकका छोरा श्री अमित अग्रवालले मिति २०८२/०८/२० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**सानिमा बैंक** www.sanimabank.com
लहान शाखा, सिराहा, फोन : ०३३-५६५४०९

ललितपुर महानगरपालिका
१४ वडा कार्यालय, तिखेदेवल, ललितपुर, वागमती प्रदेश, नेपाल।
**संधियार चार किल्ला बुझ्ने सम्वन्धी ३५ दिने सूचना !**
प्रकाशित मिति : २०८२/०९/२३

सुनिता गुरुङको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगर पालिका वडा नं. १४ को साविक वडा नं. ५ (फ) कि.नं. ९९० को क्षेत्रफल ०-४-०-० को जग्गामा घर नक्साको नियमित अभिलेखिकरणका लागी ल.पु.म. न.पा. नक्सा शाखा बाट प्रकृया अगाडी बडाई पाँऊ भनी दर्ता नं. ६७११/०८२/०८३, मिति २०८२/०९/२२ गतेका दिन यस १४ वडा कार्यालयमा निवेदन दिनु भएको, मिति २०८२/०८/२९ गते यस वडा कार्यालय बाट सूचना जारी गरी पटक-पटक संधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा पूर्व तर्फको संधियार, लम्जुङ जिल्ला, मालिङ-०६ बस्ने कि.नं. ९५८ को श्री अनिता गुरुङ, दक्षिण तर्फको संधियार, तनहुँ जिल्ला, किंहु-०४ बस्ने कि.नं. ९९१ को होम लता थापा, पश्चिम तर्फको संधियार, लम्जुङ जिल्ला, उत्तर कन्या-०४ बस्ने कि.नं. २७ को धन कुमारी घले, उत्तर तर्फको संधियार कि.नं. ६६३ को मोती श्रीमाया गुरुङ, उत्तर तर्फको संधियार, सुनसरी जिल्ला, धरान न.पा. ०६ बस्ने कि.नं. २१२ को शुशिला राई समेतलाई फेला नपरेको उहाँहरु फिल्डमा उपस्थित नहुनु भएकोले नक्शा पास कार्य रोकिएको हुँदा यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस १४ वडा कार्यालयमा उपस्थित भई आफ्नो चार किल्ला सूचना पत्र बुझि दिनु हुन अनुरोध गरिन्छ। यदि तोकिएको अवधिमा यस वडा कार्यालयमा उपस्थित भई चार किल्लाको म्याद सुचना बुझि लिन नआएमा प्रचलित कानून बमोजिम घर नक्साको नियमित अभिलेखिकरणको प्रक्रिया अघि बढ्ने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**राजधानी न्युज पब्लिकेशन प्रा.लि.**
**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस राजधानी न्युज पब्लिकेशन प्रा.लि.को सञ्चालक समितिको मिति २०८२/०९/२१ गते बसेको बैठकले कम्पनीको वार्षिक साधारणसभा गर्ने निर्णय भएअनुसार कम्पनीको आव २०८१/०८२ को वार्षिक साधारणसभामा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरूउपर छलफल गरी निर्णय गर्नका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण आदरणीय सेयरधनी महानुभावको जानकारी एंव उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८२/१०/११
समय : दिनको ठिक १४:०० बजे
स्थान : कम्पनीको रजिष्ट्र्ड कार्यालय, का.जि.का.म न.पा.वडा नं.७ चाबहिल काठमाडौं।

**छलफलका विषय तथा प्रस्तावहरू :**
१. कम्पनीको आ.व.०८१/०८२ को वार्षिक प्रगति विवरण पारित गर्ने सम्बन्धमा।
२. कम्पनीको आ.व.०८१/०८२ को आयव्यय विवरण पारित गर्ने सम्बन्धमा।
३. कम्पनीको आ.व.०८२/०८३ का लागि ले.प.नियुक्ती गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**
राजधानी न्युज पब्लिकेशन प्रा.लि.

**Government of Nepal**
**Lahan Municipality**
**Office of Municipal Executive**
Lahan-10, Siraha
Madhesh Province, Nepal

**INVITATION FOR BIDS**

Notice No: **LMUN-W20-IFB-2082-83-25**
Date of Publication: **2082-09-23 (January 07th 2026)**

1. Lahan Municipality, Office of Municipal Executive Invites Open Competitive Bidding (Single-Stage-Single -Envelope) system from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:
2. Information regarding Pre-Bid Meeting, Last date of Submission, Date of Opening

| S. No. | Contract ID | Project Description | Pre-Bid Meeting | Last date of Submission | Date of Opening | Bid Security Amount | Bid Validity Period | Bid Document Fee (NRs.) | Estimated Amount Without Vat and Contingency (NRs.) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W20 - NCB- 2082-83-25 | Construction of Community Building of Tharu Community Service Center, Lahan Municipality 1 Siraha | 27th Januar y 2026 14:00 hours | 6th February 2026 12:00 hours | 6th February 2026 14:00 hours | NRS. 5,00,000.00 | 90 days | 3000.00 | 1,72,84,42 1.18 |

3. Bidder shall submit their bid electronically only and shall download the bidding documents for submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Ltd, Lahan Branch.
   Name of Office: Lahan Municipality
   Office Code no.: 16-365-22
   Office Account no.: 03603000001001000001
   **Rajaswa (revenue) Shirshak no.** 14229
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours** on **6th February, 2026** at Lahan Municipality, Office of the Municipal Executive, Lahan (Siraha). Bids must be valid for a period of **90** days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **mentioned above in the table for respective contract**, which shall be valid for **30** days beyond the validity period of the bid **90 days.**
5. Bid document fees all contracts shall be NRs. **3000.00. (Three thousand only)** each.
6. Bid Validity period/ Bid security Validity period of all above contracts shall be 90 days.
7. Bidder Can only bid electronically through the e-procurement section of PPMO 's website http://www.bolpatra.gov.np/egp.
8. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (14th Amendment) Rules, 2082.
9. Any amendments in the IFB notice shall be published in the e-procurement section. 8. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
10. The **Lahan Municipal, Office of Municipal Executive** reserves the right, **at its sole discretion**, to reject, accept, or cancel any bid, whether in part or in full.

**वर्गीकृत डिस्प्ले**

**मोटरसाईकल हराएको सूचना**

मिती २०८२/०८/२८ गते दिनको करिब १९:०० बजेदेखि २०:००को समयमा का.जि., का.म.पा.-२९, सेतो पुल चिया एक्सप्रेस नजिक पार्किङबाट बा.प्र. ०२-०६२ प ६२०३ नं. को निलो कालो रङको NS२०० सीसीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।
**सवारी धनी :** सन्दिप रस्तेल
**च्यासिस नं.:** JLXCSE61504
**ईञ्जिन नं.:** MD2A36FX1SCE97349
**सम्पर्क:** ९७६३६१५८०९

**मोटरसाईकल हराएको सूचना**

मिती २०८२/०९/२१ गते बनेपा न.पा.-९, नयाँबजार काभ्रेबाट बा.प्र. ०२-०३१ प २५४० नं. को कालो रङको बजाज कम्पनीको २२० सीसीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।
**सवारी धनी :** उपेन्द्र बोहोरा
**ठेगाना:** खाडादेवी गा.पा.-२
**च्यासिस नं.:** DKXCME12408
**ईञ्जिन नं.:** MD2ABEX3MCE90783
**सम्पर्क:** ९८४३०२६५१०

**वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्क**
०१-४८११०८०, ४८१३०२९/३०/३१/३२ Ext. No.: १०२
Email: **rajdhanimarketing76@gmail.com**
website: **www.rajdhanidaily.com**

■ मस्यौराको गुणस्तर सुधार्न सरकारले बनायो नयाँ मापदण्ड

# भट्मास र अन्न बस्तु मिसाउन नपाइने

**मधुजंग पाण्डे/राजधानी**
काठमाडौं, २२ पुस

हिउँदमा अधिकांश नेपालीको भान्सामा पाक्ने तरकारी मस्यौराको स्वच्छता र गुणस्तर सुनिश्चित गर्न सरकारले नयाँ मापदण्ड बनाएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हिउँदको मौसममा धेरै नेपालीको भान्सामा छिटो तरकारी पकाउनुपर्ने अवस्थामा तयार हुने मस्यौराको मापदण्ड निर्धारण गरेको हो ।

कृषि मन्त्रालयले तयार पारेको मस्यौराको नयाँ गुणस्तर मापदण्ड सोमबार नेपाल राजपत्रमा प्रकाशित भएको छ । यस मापदण्ड राजपत्रमा प्रकाशित भएसँगै आगामी तीन महिनाभित्र पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने छ । यो मापदण्ड कार्यान्वयनमा ल्याउन मन्त्रालयले आगामी ३ महिनापछि अनिवार्य लागू हुने जनाएको छ ।

मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले राजपत्रमा सूचना प्रकाशित भएको मितिले ९१औं दिनदेखि बजारमा आउने मस्यौराले सरकारले तोकेको नयाँ मापदण्ड पूर्ण पालना गरेको हुनैपर्ने व्यवस्था गरिएको जानकारी गराए ।

मन्त्रालयद्धारा तयार पारिएको यस मस्यौराको गुणस्तरीयता सुधार नयाँ मापदण्ड बमोजिम अब मस्यौरा भनेर बजारमा बिक्री गरिने खाद्य बस्तुमा अनिवार्य मास (कालो दाल) वा अन्य दलहन प्रयोग हुने व्यवस्था गरिएको छ । तोकिएको नयाँ मापदण्ड पुरा गर्न अब मस्यौरामा तौल बढाउन वा सस्तो बनाउन अन्न, भटमास वा अन्य बस्तुबाट बनेका उत्पादन मिसाउन पूर्णरूपमा प्रतिबन्ध लगाइएको मन्त्रालयले स्पष्ट्र पारेको छ ।

यस नयाँ मापदण्डमा सरकारले तोकेको परिभाषा बमोजिम मस्यौरा बनाउँदा कालो मास वा दलहन भिजाएर त्यसको बोक्रा फालेर वा नफाली लेदो बनाउनुपर्ने छ । सो लेदोमा पिँडालु, कर्कलो, तरुल, आलु, कुभिन्डो वा अन्य सागपात तथा तरकारी मिसाएर वा नमिसाइ स-साना डल्ला वा अन्य आकारमा तयार पारी प्राकृतिक रूपमा सुकेको (फर्मेनटेसन) हुनुपर्ने छ ।

यसरी तयार भएको मस्यौरालाई राम्रोसँग घाममा सुकाउनुपर्ने, सोलार ड्रायरमा वा मेसिनको सहायताले सुकाएपछि मात्र गुणस्तरीय मस्यौरा तयार भएको मानिने मन्त्रालयले जनाएको छ ।

यसरी तयार पारिएको मस्यौरामा स्वाद र बासनाका लागि मसलाजन्य पदार्थहरू मिसाउन पाइने भएपनि अन्य कृत्रिम रङ प्रयोग गर्न भने नपाइने कडा मापदण्ड तोकिएको छ । राम्रोसित सुक्ने गरि बनाइएको अर्गानिक मस्यौराको रासायनिक गुणस्तरमा पनि सरकारले स्पष्टसँग मापदण्डमा उल्लेख गरेको छ ।

यस नयाँ मापदण्ड बमोजिम अब बजारमा बिक्री हुने मस्यौरामा सुक्खा तौलको आधारमा कम्तीमा १५ प्रतिशत कुल प्रोटिन हुनैपर्ने अनिवार्य व्यवस्था गरिएको छ । त्यस्तै, मस्यौरा राम्ररी सुकेको हुनुपर्ने भन्दै मन्त्रालयले यस मापदण्डमा ओसिलोपना (जलांश) मात्रा बढीमा ११ प्रतिशतमात्र हुनुपर्ने उल्लेख गरेको छ । यसबाहेक कुल भष्म तत्व ४ प्रतिशत र डाइलुट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म तत्व शून्य दशमलव १५ प्रतिशतभन्दा बढी हुन नहुने प्राविधिक मापदण्ड तय गरिएको मन्त्रालयले जनाएको छ ।

अहिले बजारमा स्याविनको तेल पेलेको छोक्रा लगायत विभिन्न अखाद्य बस्तु समेत मिसाएर गुणस्तरहीन मस्यौरा विक्री गरिरहेको फेरा परेको र उपभोत्ताको गुनासो आएपछि सरकारले मस्यौराको गुणस्तर सुधारेर उच्च गुणस्तरीय मस्यौरा बजारमा पठाउनकालागि नयाँ मापदण्ड राजपत्रमा प्रकाशित गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार यस मापदण्ड बनाएर उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै मस्यौराको भौतिक स्वच्छतामा पनि कडाइ गरिएको छ । यसैगरी, मस्यौरा स्वच्छ, सफा हुनुका साथै यसमा ढुसी परेको, किरा लागेको, सडेको वा ओसिएको हुन हुँदैन ।

त्यस्तै, मस्यौराभित्र ढुंगा, बालुवा, माटो, सिसा, प्लास्टिक, धातुका टुक्राजस्ता अजैविक अखाद्य पदार्थ तथा कपाल, रौं, भुस, चोकर, पराल, डाँठ, घुन, किरा वा मुसाका लिंड , अन्य फोहोर लगायत जैविक फोहोर मिसिएको भेटिन नहुने यस मापदण्डमा उल्लेख छ ।

बजार अनुगमनक्रममा यस्तो भेटिए तत्काल कडा कानुनी कारबाही हुने मापदण्डमा उल्लेख छ । जीवनाशक विषादी, हेभी मेटल्स र अन्य हानिकारक टक्सिनको मात्रा पनि सरकारले तोकेको सीमाभन्दा बढी हुन नहुने सो मापदण्डमा उल्लेख छ ।





# ज्योति विकास बैंकका ग्राहकलाई छुट

**काठमाडौं/रास–** ज्योति विकास बैंक लिमिटेडले सिन्धुपाल्चोकको भोटेकोशीस्थित भोटेकोसी हेली रिसोर्ट एन्ड स्पा प्रालिमा बैंकका ग्राहकलाई विशेष छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ ।

यस सम्झौतापछि बैंकका ग्राहकले सो रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । भोटेकोशीको रमणीय प्राकृतिक सौन्दर्य, स्वादिष्ट परिकार र उत्कृष्ट आतिथ्य सेवाका कारण भोटेकोशीस्थित यस रिसोर्टले ग्राहकको मन जित्दै विशिष्ट गन्तव्यको रूपमा आफ्नो पहिचान स्थापित गरेको बैंकले जनाएको छ ।

## बिज्ञापन कर तिर्ने, बुझाउने बारे अत्यन्त जरुरि सूचना

उपोरक्त सम्बन्धमा ललितपुर जिल्ला, मु.अ. कर ६०११२६७८३ मा दर्ता रहेको यस नेपाल मिडिया टेकनोलोजी प्रा. लि. ले विभिन्न तह महानगरपालिका, उप -महानगरपालिका, नगरपालिका तथा गाउँपालिका क्षेत्र भित्रको बिज्ञापन कर संकलन गर्ने ठेक्का सम्झौता मार्फत अख्तियार प्राप्त गरि सो को परिधि भित्र रही बिज्ञापन कर संकलन गर्दै आएको सर्वबिदितै छ। यस संस्थाको अधिकार प्राप्त स्थानीय तह भित्र बिज्ञापन गर्ने विभिन्न संघ/संस्था, बैंक तथा वित्तिय संस्था, उद्योग/प्रतिष्ठान, कम्पनी, एजेन्सीहरुले यस संस्था बाट बिना अनुमति बिज्ञापन सामग्रीहरु होर्डिङ्ग बोर्ड, फ्लेक्स बोर्ड, २डी, ३डी बोर्ड, ग्लो बोर्ड, भित्ते लेखन, सटर पेन्टिङ्ग लगाएको सामाग्रीहरु टास गर्दै आएकोले सम्बन्धित संस्थाहरुलाई बारम्बार सम्पर्क गर्दा पनि कुनै जवाफ नदिएको र हालसम्म पनि बिज्ञापन कर भुक्तानी नभएको हुनाले सम्बन्धित सबैलाई यो सूचना प्रकाशित भएको ३० (तीस) दिन भित्र बिज्ञापन कर भुक्तानी गरिदिनु हुन जानकारी गराइन्छ साथै स्थानीय निकायहरुको नियम अनुसार बिज्ञापन कर नतिरेका संघ संस्थाहरुको प्रचार प्रसार सामग्रीहरु नगरपालिकाको रोहोबरमा हटाइने र उक्त कार्य गर्दा कुनै हानि-नोक्सानी हुन गए तथा इज्जत प्रतिष्ठान्मा आँच आए सो को जिम्मेवार सम्बन्धित संघ-संस्था स्वयं हुने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

नेपालगञ्ज उप-महानगरपालिका (आ.व. २०७९/८० देखि २०८१/८२),
कोहलपुर नगरपालिका (आ.व. २०७९/८० देखि २०८१/८२),
तिलोत्तमा नगरपालिका (आ.व. २०८०/८१ देखि २०८१/८२),
बर्दगोरिया गाउँपालिका (आ.व. २०८१/८२ देखि २०८३/८४),
कृष्णपुर नगरपालिका (आ.व. २०८१/८२),
दमक नगरपालिका (आ.व. २०८१/८२ देखि २०८३/८४),
कन्काई नगरपालिका (२०८१/८२),
जीतपुर-सिमरा उप-महानगरपालिका (आ.व. २०८१/८२ देखि २०८३/८४),
बिर्तामोड नगरपालिका (आ.व. २०८२/८३ देखि २०८४/८५)

**नेपाल मिडिया टेकनोलोजी प्रा. लि**
ललितपुर ०१
सम्पर्क : ०१-५४२१६४४, ९८०२०५०७४३
इमेल : nmt.nepal01@gmail.com

# सिद्धार्थ बैंकद्वारा अस्पताललाई प्रसूति उपकरण हस्तान्तरण

**काठमाडौं/रास–** सिद्धार्थ बैंक लिमिटेडले मधेश प्रदेशको सर्लाही जिल्लाको हरिवन नगरपालिकास्थित हरिवन नगर अस्पताललाई विभिन्न प्रसूति उपकरण हस्तान्तरण गरेको छ ।

बैंकका मधेश प्रदेश प्रमुख ज्ञानेन्द्र कार्कीले सो उपकरण अस्पताललाई हस्तान्तरण गरेका हुन् । कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जंगीलाल राय, हरिवन नगरपालिकाका नगरप्रमुख रमेश बुढाथोकीलगायत स्थानीयहरूको उपस्थिति थियो ।

बैंकले हाइड्रोलिक शल्यक्रिया टेबल, ४ सेटयुक्त एलईडी शल्यक्रिया कक्ष, डोम बत्ती, बिरामी निगरानी यन्त्र, पूर्ण सुविधायुक्त पाँच कार्य गर्ने इलेक्ट्रिक आईसीयू बेड, फाइबर बेडसाइड लकर तथा इलेक्ट्रिक डबल जार हाई भ्याक्युम सक्सन मेसिन गरी सबै उपकरण १/१ थान हस्तान्तरण गरेको हो ।

हरिवन अस्पतालको नवनिर्मित भवनमा शल्यक्रियासहित वर्थिङ सेवा सञ्चालन गरी समुदायमा गुणस्तरीय प्रसूति सेवामा पहुँच अभिवृद्धि गर्ने तथा आमा र नवजात शिशुहरूका लागि सहज प्रसूति वातावरण सुनिश्चित गर्ने उद्देश्यले बैंकले उपकरण प्रदान गरेको जनाएको छ । बैंकले दिगो विकास लक्ष्यलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखी समाजको विकासमा टेवा पुऱ्याउने उद्देश्य लिँदै विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउँदै आएको छ ।

## Geruwa Rural Municipality
### Office of the Rural Municipal Executive
**Pashupatinagar, Bardiya**

**Invitation of Bids for the following works**

***Date of Second Notice Publication:- 2082/09/23***

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| SN | Contract ID no | Description of works | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G/GRM/NCB/03/2082/083 | Procurement for the purchasing,supply and delivery of medicine for animals and poultry. | 50000 | 120 days after Bid opening Date | 3,000/- | |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM of 2082/10/08 also bid shall be opened on the same date at 1:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwarmun@gmail.com/contact:-9848020380,9849215214 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified above. Chief administrative Office

| Bank | Revenue Account | Dharauti Account |
|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 17201400000062 |

**Chief Administrative Officer**

## Invitation for Bids
### Aalital Rural Municipality
### Office of the Rural Municipal Executive
**Bhimdattapur, Dadeldhura**

Date of publication: 07th January 2026 (2082/09/23 B.S.)

1. ***Aalital Rural Municipality*** invites electronic bids from eligible bidders for the following Works.

| Contract ID | Description of Works | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Estimated Amount (With Out Vat & PS) | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| ATLRM/NCB/Works/03/2082/083 | Rakswan, Dadalle Jhota, Dharitola, Dhulikhet Nahar Nirman Aalital-3 Dadeldhura | 65000.00 | 120 days after Bid Opening Date | 25,68,965.52 | 3000 | NCB, Single Stage Single Envelope |
| ATLRM/NCB/Works/04/2082/083 | Contruction of Kamalpur Sadak Aalital -2 Dadeldhura | 51000.00 | 120 days after Bid Opening Date | 20,06,539.83 | 3000 | NCB, Single Stage Single Envelope |
| ATLRM/NCB/Works/05/2082/083 | Contruction of Gankhet Chaltha Kimodi Sadak Aalital -2 Dadeldhura | 51000.00 | 120 days after Bid Opening Date | 20,06,539.83 | 3000 | NCB, Single Stage Single Envelope |
| ATLRM/NCB/Works/06/2082/083 | Aalital Turisum and Physical Infrastructural Programme Alital-3 Dadeldhura | 208000.00 | 120 days after Bid Opening Date | 83,03,047.63 | 3000 | NCB, Single Stage Single Envelope |

2. Only Electronic bidding through www.bolpatra.gov.np/egp is permitted and submitted on or before 12:00 PM 2082-10-23 and bid shall be open the same date at 2:00 PM. Eligible Bidders may obtain further information from f Aalital Rural Municipality office, Bhimdattapur, Dadeldhura, Email: info@aalitalmun.gov.np, Phone no. 9868726988 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as per specified below.

| Bank | Revenue Account | Office Code | Dharauti Account |
|---|---|---|---|
| Nabil Bank | 06801017500449 | 8010775041 | 06801017500459 |

3. Aalital Rural Municipality, Bhimdattapur- Dadeldhura reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०९/२३ गते

यस माछापुच्छ्रे बैंक लि. धरान शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

१. प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय ईटहरी, सनसरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्री कमला स्टोर** ।
प्रा.फ.र.नं. ७४७०/०७५/०७६, दर्ता मिति : २०७६/०३/११, पान नं. : ६१०८३१७३७, दर्ता मिति : २०७६/०३/१२
ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२, **प्रोप्राईटर : रुकेश राई**

**२. रुकेश राई**
ना.प्र.नं. ०६/७८३२/०५३/५४, जि.प्र.का. सुनसरी, जारी मिति : २०५३/१२/०४
बाबु : प्रेम कुमार राई, बाजे : नर बहादुर राई
ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. रुकेश राई**<br>ना.प्र.नं. ०६/७८३२/०५३/५४, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०५३/१२/०४<br>बाबु : प्रेम कुमार राई<br>बाजे : नर बहादुर राई<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ | **२. रोशन राई**<br>ना.प्र.नं. ०६/१७६६८/०५८/५९, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०५८/१२/२५<br>बाबु : प्रेम कुमार राई<br>बाजे : नर बहादुर राई<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ |
| **३. प्रेम कुमार राई**<br>ना.प्र.नं. ७३१८/४५५७९/२८२, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०३५/११/२७<br>बाबु : नर बहादुर राई<br>बाजे : रण बहादुर राई<br>ठेगाना : सुनसरी जिल्ला, घोपा गा.वि.स. वडा नं. २ | **४. कमला देवी राई**<br>ना.प्र.नं. ६७८२/२०५३/०५४, जि.प्र.का. सुनसरी, इ.प्र. शाखा धरान<br>जारी मिति : २०५३/०५/२३<br>बाबु : हर्क बहादुर राई<br>पति : प्रेम कुमार राई, ससुरा : नर बहादुर राई<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. नर बहादुर राईको नाति, प्रेम कुमार राईको छोरा सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ बस्ने रोशन राईको नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. २ क स्थित कि.नं. १०३११ को क्षेत्रफल ०-१-६-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा सो जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. नर बहादुर राईको नाति, प्रेम कुमार राईको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ बस्ने रुकेश राईको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, इटहरी गा.वि.स./उ.म.न.पा. वडा नं. १ ग स्थित कि.नं. ४६१ को क्षेत्रफल ०-०-९-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा सो जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**(माथि उल्लेखित सम्पत्ति ऋणी श्री कमला स्टोर र ऋणी रुकेश राईको नाममा धितोवन्धकी पारीत भई रोक्का रहेको ।**

३. ऋणी श्री कमला स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धरान

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०


## बंगलादेशमा आईपीएल प्रतिबन्ध




बंगलादेशको अन्तरिम सरकारले इन्डियन प्रिमियर लिग (आईपीएल)को प्रत्यक्ष प्रसारणमा रोक लगाउने भएको छ । भारतीय क्रिकेट बोर्ड (बीसीसीआई)को आदेशमा कोलकाता नाइटराइडर्सले बंगलादेशी खेलाडी मुस्तफिजुर रहमानलाई टिमबाट हटाएपछि प्रतिक्रियामा यस्तो निर्णय गरिएको हो ।

# 'अस्ट्रेलियन ओपन'को पुरस्कार रकममा वृद्धि, ४६ वर्षको उमेरमा भेनस विलियम्सको 'कमब्याक'

**राजधानी समाचारदाता**
काठमाडौं, २२ पुस

वर्षको पहिलो ग्रान्ड स्ल्याम 'अस्ट्रेलियन ओपन' टेनिस प्रतियोगिताको पुरस्कार रकम गत वर्षको तुलनामा १६ प्रतिशतले बढाइएको छ। १८ जनवरीदेखि सुरु हुने यस प्रतियोगिताका लागि रेकर्डस्तरमा पुगेको छ । 'अस्ट्रेलियन ओपन' आयोजकले मंगलबार स्थानीय मुद्रामा अहिलेसम्मकै सबैभन्दा ठूलो पुरस्कार रकम घोषणा गरेको हो। यो सन् २०२६ का लागि अस्ट्रेलियाली ४१११.५ मिलियन (अमेरिकी ४७५ मिलियन)मा तोकिएको छ ।





**१० प्रतिशत रकम बढ्यो**

सन् २०२५ मा अस्ट्रेलियाली ४९६.५ मिलियनको पुरस्कार रकमबाट १६ प्रतिशतले बढाइएको छ। महिला र पुरुष एकल च्याम्पियनले अस्ट्रेलियाली ४४.१५ मिलियन (अमेरिकी ४२.८ मिलियन) प्राप्त गर्ने छन्, जुन गत वर्षको तुलनामा १९ प्रतिशतले बढेको छ। छनोट प्रतियोगिताका लागि पुरस्कार रकम पनि १६ प्रतिशतले बढाइएको छ। थप रूपमा आयोजकले मुख्य 'ड्र'मा छनोट हुने सबै एकल र डबल्स खेलाडीले न्यूनत्तम १० प्रतिशत बढेको पुरस्कार रकम पाउने बताएका छन् ।

टेनिस अष्ट्रेलियाका सीईओ क्रेग टिलीका अनुसार १६ प्रतिशत वृद्धिले हरेक तहमा टेनिस करियरलाई समर्थन गर्ने प्रतिबद्धता प्रतिबिम्बित गरिएको छ। सन् २०२३ देखि छनोट पुरस्कार रकममा ५५ प्रतिशत वृद्धिदेखि खेलाडी लाभमा वृद्धिसम्म सबै प्रतिस्पर्धीका लागि व्यावसायिक टेनिस दिगो रहने सुनिश्चित गरिएको सीईओ क्रेग टिलीले जनाएका छन् ।

यसैबीच, सातपटकको 'ग्रान्ड स्ल्याम टेनिस च्याम्पियन' भेनस विलियम्स जनवरीमा 'अस्ट्रेलियन ओपन'मा फर्कने तयारीमा छिन्। आगामी १८ जनवरीमा मेलबर्नमा सुरु हुने प्रतियोगिताको मुख्य 'ड्र' 'वाइल्डकार्ड'मा उनले प्रवेश पाएकी हुन्। यो पाँच वर्षमा प्रतियोगितामा भेनसको पहिलो खेल हुनेछ र विवाहको केही दिनपछि आएको हो ।

४५ वर्षीया भेनस विलियम्स 'अस्ट्रेलियन ओपन'को मुख्य 'ड्र'मा खेल्ने सबैभन्दा जेठी महिला बन्ने छिन् । उनले जापानकी किमिको डेटको रेकर्ड तोडिन्, जसले सन् २०१५ मा ४४ वर्षको उमेरमा मेलबर्न पार्कमा खेलेकी थिइन् । 'म अष्ट्रेलिया फर्कन पाउँदा उत्साहित छु र अष्ट्रेलियाली गर्मीमा प्रतिस्पर्धा गर्न तयार छु,' उनले भनेकी छन्, 'त्यहाँ मेरा धेरै अविस्मरणीय सम्झना छन् र म यस अवसरका लागि आभारी छु।' टूर्नामेन्ट आयोजकका अनुसार भेनसको पुनरागमन उनको 'अष्ट्रेलियन ओपन डेब्यू'को २८ वर्षपछि हुँदै छ । सन् १९९८ मा उनले आफ्नी कान्छी बहिनी सेरेनालाई दोस्रो राउन्डमा पराजित गरेकी थिइन्। तर, क्वार्टरफाइनलमा अमेरिकी खेलाडी लिन्डसे डेभेनपोर्टसँग हार्न पुगिन् ।

सन् २००३ र २०१७ गरी भेनस दुई पटक 'अष्ट्रेलियन ओपन एकल फाइनल'मा पुगेकी छन् । उनको अहिलेसम्मको रेकर्ड ५४ जित र २१ हार हो । यस मुख्य 'ड्र'मा उनको २२औं उपस्थिति हुनेछ। उनले अन्तिमपटक सन् २०२१ मा मेलबर्नमा खेलेकी थिइन्। त्यसपछि उनले नियमित भ्रमणबाट विश्राम लिएकी थिइन् । भेनसले पहिले नै नोभेम्बरमा पुनरागमन संकेत दिइसकेका थिइन् । 'अस्ट्रेलियन ओपन'को दुई साताअघि खेलिने न्युजिल्यान्डको अकल्यान्डका लागि 'वाइल्ड कार्ड' पनि प्राप्त गरेकी छन् । उनी होबार्ट प्रतियोगिताका लागि पनि दर्ता भएकी छन्, जुन मेलबर्नकोलागि उनको तयारीको एक हिस्सा हो ।

**उमेर र अनुभवको संयोजन**

अस्ट्रेलियाको गर्मीमा फेरि एकपटक भेनसले समय र उमेरको सीमालाई चुनौती दिन सक्ने आकलन गरिएको छ। उनको अनुभव र लामो करियरले 'मेलबर्न पार्क'मा बलियो दाबेदार बनाउने छ ।

# 'तेस्रो आमन्त्रित तीनपोखरी कप' प्रतियोगिता शनिबारदेखि

**भविन कार्की/राजधानी**
सङ्खुवासभा, २२ पुस




संखुवासभा सदरमुकाम खाँदबारीमा आगामी २६ पुसदेखि 'तेस्रो तीनपोखरी कप आमन्त्रित पुरुष फुटबल प्रतियोगिता' सञ्चालन हुने भएको छ । तीनपोखरी समाज विकास क्लब खाँदबारी-७को आयोजनामा प्रतियोगिता सञ्चालन हुने भएको हो ।

माघे संक्रान्तिको अवसरमा खेलकुद, संस्कृति र पर्यटन, समृद्ध समाज हाम्रो अभियान' नारासाथ 'तेस्रो तीनपोखरी कप आमन्त्रित फुटबल पुरुष फुटबल प्रतियोगिता' गर्न लागिएको आयोजकले जनाएको छ । प्रतियोगिताको अवसरमा पर्यटन प्रवर्धनका लागि हेलिकोप्टरमार्फत धार्मिक तथा पर्यटकीय क्षेत्र शिवधारा र सभापोखरी दर्शनसमेत व्यवस्था गरिएको छ ।

सदरमुकाम खाँदबारीमा मंगलबारपत्रकार सम्मेलन गर्दै आयोजक तीनपोखरी समाज विकास क्लबले फुटबल प्रतियोगिता सञ्चालन गर्न लागेको जानकारी दिएको छ । नवीन खेलाडीलाई पूर्ण व्यावसायीकरण र युवा खेलाडीलाई रोजगारीमुखी बनाउन स्थानीय धर्म, संस्कृति, भेषभूषा संरक्षण उद्देश्यसाथ प्रतियोगिता सञ्चालन हुने भएको हो ।

आगामी २६ पुसदेखि १ माघसम्म सञ्चालन हुने फुटबल प्रतियोगितामा कोशी प्रदेशका विभिन्न जिल्लाका ८ क्लबको सहभागिता रहने प्रतियोगिता तीनपोखरी समाज विकास क्लब अध्यक्ष मिनेश चापागाईले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा शसस्त्र प्रहरी कोशी प्रदेश पकली, बेलका युथ क्लब उदयपुर, चुलाचुली स्पोटिङ क्लब दमकसहित कोशी प्रदेशका ८ टिमको सहभागिता रहनेछ ।

प्रतियोगितामा भाग लिने खेलाडीको ४० हजार रुपैयाँको बिमासमेत गरिने आयोजकले जनाएको छ । प्रतियोगिताका विजयी टिमलाई नगद २ लाख ५१ हजार रुपैयाँ ट्रफी, मेडल, प्रमाणपत्रले सम्मान गरिने छ भने उपविजेतालाई नगद १ लाख २१ हजार ट्रफी, मेडल, प्रमाणले सम्मान गरिने छ । प्रतियोगितामा विभिन्न विधामा समेत ट्रफी, मेडल, प्रमाणपत्रले सम्मान गरिएको आयोजकले जनाएको छ । फुटबल प्रतियोगितामा करिब नगद २० लाखभन्दा बढी खर्च हुने अनुमान छ ।

# सुगम संगीतमा राजेश पायलसँग जोडिए भुवन लोहनी

**राजधानी समाचारदाता**
काठमाडौं, २२ पुस



अमेरिकामा बस्ने गीतकार तथा मोडल भुवन लोहानीले आधुनिक गीत 'जुनसँग के दाजुँर ?'को भिडियो सार्वजनिक गरेका छन् । यस गीतको भिडियोलाई ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको छ । गीतमा गायक राजेश पायल राईको स्वर रहेको छ । नेपाली सुगम संगीत अतिक्रमणमा परिरहेको बेला माधुर्य आधुनिक गीत बनेको गायक राई बताउँछन् । गीतमा संगीत दिपक शर्माले गरेका छन्। संगीत संयोजन साहस शाक्यको छ भने ए वान म्युजिसियन स्टुडियो काठमाडौंमा यसको रेकर्ड गरिएको हो। यो गीतलाई किशोर थापाले मिक्सिङ तथा मास्टरिङ गरेका हुन् ।

हालै अमेरिका फर्किएका गीतकार एवं मोडल भुवनले गीतको भिडियो आफ्नो पुर्ख्यौली थलो लमजुङमा छायांकन गरेका हुन् । लमजुङ क्षेत्रबाट देखिने हिमालदेखि त्यहाँका मनमोहक दृश्य समेटिएको भिडियोले दर्शकलाई लोभ्याउँछ । भिडियोमा भुवनसँगै मोडल अर्विसा थापाको अभिनय छ । नकुल खडकाले सम्पादन गरेको भिडियो सिनेमाटोग्राफर कृष्णबहादुर थापाले निर्देशन गरेका हुन् । भिडियो छायांकन पनि कृष्णकै हो । सविता घले लोहनीले भिडियो निर्माण गरेकी हुन् । अमेरिकामै बसेर दर्जनभन्दा बढी भिडियोमा मोडलिङ गरेका भुवनको शब्दमा रेकर्ड भएको यो तेस्रो गीत हो। प्रायः नेपाल आउँदा उनी भिडियोमा मोडलिङ तथा आफ्नो शब्दमा गीत रेकर्डिङ गर्ने गर्छन् ।


## रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८२/०९/२३

यस रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको मिति २०८२/०७/२१को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये सम्झौता पूर्व पुनः मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि आजैका मितिदेखि लागु हुने गरी ७ (सात) दिने आशयको सूचना पुनः प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १. | Construction of Asphalt Road, Ward No. 3 (RAT/CHITWAN/Works/NCB/13/2082-083) | श्री J.K. Nirman Sewa, Jyotimaya Tole, Ward No. 9 | रू. ९५,७५,२११/२६ (पन्चानब्बे लाख पचहत्तर हजार दुई सय एघार रुपैंया र पैसा छब्बीस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
**सहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी**

### बोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८२/०९/२३

यस आयोजनाबाट बोलपत्रको लागि मिति २०८२/०५/०३ तथा २०८२/०५/१३ मा नागरिक राष्ट्रिय दैनिक पत्रिका र शिलबन्दी दरभाउपत्रको लागि मिति २०८२/०९/०४ मा राजधानी राष्ट्रिय दैनिक पत्रिका एवं www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिलमा उल्लेखित खरिद नं. सँग सम्बन्धित निर्माण कार्यको लागि E-bid मार्फत बोलपत्र र शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र E-bid मार्फत दर्ता भएका बोलपत्र र शिलबन्दी दउभाउपत्रहरुमध्ये निम्न बोलपत्रदाता र शिलबन्दी दउभाउपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र र शिलबन्दी दरभाउपत्र स्वीकृतिको आशय प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ र १०० को प्रयोजनको लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | बोलपत्र दाताको नाम ठेगाना | ठेक्का नं. | कबोल अंक (मू.अ.कर बाहेक तथा प्रोभिजनल रकम सहित) रु. |
|---|---|---|---|
| १ | Puja Nirman Sewa, Satdobato, Lalitpur | PUDBC/Saptari/NCB/Works/01-2082-083 | १,६९,५३,७१९.२५ |
| २ | Puja Nirman Sewa, Satdobato, Lalitpur | PUDBC/Saptari/NCB/Works/02-2082-083 | १,६७,०८,३६९.२५ |
| ३ | Sah Construction/Suraj Nirman Sewa J.V., Biratnagar-12 | PUDBC/Saptari/NCB/Works/14-2082-083 | १,७७,८०,२७६.६० |
| ४ | Malaya Construction, Dhangadhimai Na.Pa.-11, Siraha | PUDBC/Saptari/Works/SQ/01/2082-083 | ११,५०,१००.०० |

**आयोजना प्रमुख**

विज्ञापन प्रकाशनका लागि सिधा सम्पर्क गर्नुहोस् ९७६४५९९६२१



**स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : **सचिन शेरचन**, प्रबन्ध निर्देशक : **आशिष शेरचन**, सम्पादक : **डिल्ली आचार्य**